नेपाल क्षयरोग निवारण संस्था

भक्तपुर शाखाको

परिचय

लेखक : बाबुकाजी सा:छेँ श्रेष्ठ

सर्वाधिकार लेखकमा सुरक्षित

लेखक : बाबुकाजी साःछैँ श्रेष्ठ
सम्पर्क नं. : ९८४१२२३०३३
ईमेल Babukaji2022@gmail.com
प्रकाशन मिति : बि.सं. २०८२ साउन/ने.सं. ११४५ गुँला
प्रकाशन : ५०० प्रति

प्रकाशक : थेम्मृङ मासिक
मध्यपुर थिमि, भक्तपुर
सम्पर्क ०१-५०९३६०५

मुद्रण : स्वस्तिक प्रिन्टिङ्ग प्रेस
मध्यपुर थिमि, भक्तपुर
फोनः ०१६२०२१६८

सहयोग : रू. ३००।-

ISBN : 9789937188722

9789937188722

क्षयरोगका किटाणु पत्ता लगाउने महान वैज्ञानिक

वैज्ञानिक डा. रर्वट कक्

सन् १८८२ मार्च २४ मा क्षयरोगको किटाणु पत्तालगाएका थिए ।

नेपाल क्षयरोग निवारण संस्था
केन्द्रीय संस्थापक
(वि.सं. २०१०)

संस्थापक अध्यक्ष
स्व. मातृका प्रसाद कोइराला

नेपाल क्षयरोग निवारण संस्था
जिल्ला शाखा भक्तपुरका संस्थापक सभापति
(वि.सं. २०३६)

डा. तिर्थ राणा

मेरो भनाई

क्षयरोग नेपालको लामो समयदेखि गम्भीर जनस्वास्थ्य समस्याको रुपमा रहेको छ । यसको नियन्त्रण र निवारणका लागि नेपाल क्षयरोग निवारण संस्थाले बि.सं. २०१० सालदेखि अभियान थालनी गरिएको थियो । हाल नेपाल सरकारका साथै नेपाल क्षयरोग निवारण संस्था र नागरिक समाजले पनि निरन्तर प्रयास गरिरहेका छन् । बि.सं. २०३६ श्रावण १५ गते स्थापना भएको नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा भक्तपुरले आजसम्म पनि क्षयरोग नियन्त्रण अभियानमा अटल समर्पण, निष्ठा र सामाजिक चेतनाका साथ काम गर्दै आएको छ ।

४६ वर्षको दीर्घ यात्रामा यो संस्था भक्तपुरको स्वास्थ्य क्षेत्रमा एउटा विश्वसनीय स्तम्भको रूपमा उभिएको छ । उचार-चढाव, संसाधनको अभाव, सामाजिक चुनौतीहरूका बावजुद पनि यसले आफ्नो क्रियाशीलता, स्वच्छता, पारदर्शिता र समुदायप्रति अटुट वचनबद्धताका माध्यमले निरन्तरता कायम गरेको छ । यहाँसम्म कि "क्षयरोग मुक्त भक्तपुर" को दृष्टिले समुदाय-आधारित अभियानहरू सञ्चालन गरी स्थायी स्वास्थ्य परिवर्तनको बीउ रोप्न सफल भएको छ ।

सर्वप्रथम यस संस्थाको स्थापनामा महान भूमिका खेल्नुभएका संस्थापक स्व. मातृका प्रसाद कोइराला र भक्तपुर शाखा स्थापनाका प्रेरणास्रोत संस्थापक डा. तिर्थ राणाप्रति कृतज्ञता व्यक्त गर्दछु । उहाँहरुको दूरदृष्टि र समाजप्रति गरिएको सेवाले यो संस्थालाई एउटा मार्गदर्शक ताराको रुपमा उभ्याएको छ ।

संस्थाको विकास र स्थायित्वमा योगदान गर्नुभएका सबैको नाम लिन सक्दिन । तर नेपाल क्षयरोग निवारण जिल्ला शाखा भक्तपुरको परिचय पुस्तिका प्रकाशन गर्न सहयोग गर्नु हुने संस्थाका पूर्व महासचिव धनमान श्रेष्ठ, पूर्व केन्द्रिय सहकोषाध्यक्ष महेन्द्रगोपाल कर्माचार्य, पूर्व सभापति तुईलाल श्रेष्ठ, पूर्व सभापति राम सिख्वः, पूर्व सचिव राजेश्वरी शिल्पकार, वर्तमान सभापति हिरण्यप्रताप सांगामी, संस्थापक सदस्य कृष्णचरण श्रेष्ठ, पूर्व कार्यक्रम संयोजक न्हुछेकुमार त्वायना, कार्यसमिति सदस्य सुमन श्रेष्ठ, पत्रकार एवं शिक्षक सागर गुरागाईलगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरुमा हृदयदेखि धन्यवाद व्यक्त गर्दछु ।

यो पुस्तक संस्थाको छोटो परिचयका रुपमा प्रकाशित गरिएको छ । यसको तयारीमा संस्थामा उपलब्ध दस्तावेज, खोजखबर, अनुसन्धान र व्यक्तिगत अनुभवहरुको आधार लिइएको छ । यदि कहीं कुनै त्रुटि, तथ्यको अभाव वा व्याख्यामा भ्रम छ भने त्यसको लागि म पाठकहरुसँग क्षमा याचना गर्दछु । साथै भविष्यमा सुधार र समृद्धि गर्नका लागि सबैसँग सल्लाह र सुझावको विनम्र अनुरोध गर्दछु ।

अन्तमा, यो संस्था केवल स्वास्थ्य संस्था मात्र होइन, यो भक्तपुरको सामाजिक चेतना, सहयोग र मानवताको जीवन्त प्रतीक हो । यसको ४६ वर्षको यात्रालाई नमन गर्दै यसले अझै धेरै वर्षसम्म समुदायको सेवामा निरन्तर रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

लेखक

बाबुकाजी साःछेँ श्रेष्ठ

पूर्व सभापति, ने.क्ष.नि.सं., भक्तपुर

प्रकाशकीय

नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुर क्षयरोग जनस्वास्थ्य समस्याको रुपमा भयाबह भएको अवस्थामा क्षयरोगलाई निवारण गर्ने उद्देश्यले डा. तिर्थ राणाको सभापतित्वमा २०३६ श्रावण १५ गते स्थापना भएको थियो ।

संस्थाको विभिन्न समयमा विभिन्न उचारचढाबहरु पार गर्दै भक्तपुरमा “क्षयरोग मुक्त जिल्ला” बनाउने अभियानको सुरुवात गरी समुदायबाटै रोग मुक्त गर्न विभिन्न कार्यक्रमहरु तय गरी अगाडि बढिरहेको नितान्त सामाजिक संस्थाको रुपमा लिएका छौं ।

लामो समयसम्म निरन्तर क्रियाशील संस्था नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखाको परिचय, संस्थाको गतिविधि, समय कालखण्डहरुमा त्यस संस्थामा योगदान पुऱ्याउने व्यक्तित्वहरु, सहयोगी संस्थाहरु एवं सहकार्य गर्ने स्थानीय सरकार, राष्ट्रिय क्षयरोग केन्द्र र विभिन्न संस्थाहरुको योगदानलाई संग्रहित गरी “नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरको परिचय” नामक पुस्तक प्रकाशन गरी यहाँहरु समक्ष अर्पण गर्न पाउँदा ज्यादै खुशी लागेको छ ।

यस थेम्मृङ मासिक पत्रिकाका प्रकाशक, सम्पादक एवं नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखाका पूर्व सभापति बाबुकाजी सा:छैं श्रेष्ठले धेरै मेहनत र खोज गरेर, विभिन्न व्यक्तित्वहरुसँग सम्वाद, टिपोट, खोजनिति गरी लेख्नु भएको “नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखाको परिचय” पुस्तक प्रकाशन गर्न पाउँदा हामी कृतज्ञ छौं ।

यस पुस्तक प्रकाशनले संस्थाको इतिहासिक परिचयलाई जनसामु ल्याउन सफल हुनेछ भने विश्वास लिएका छौं । त्यस्तै भविष्यमा पनि संस्थाका बारेमा अध्ययन गर्न सोधखोज गर्नका लागि पनि यस पुस्तकले प्रेरणदायी भूमिका खेल्ने अपेक्षा लिएका छौं ।

यस पुस्तक प्रकाशन कार्यमा सहयोग गर्ने सम्पूर्ण क्षयरोग विरुद्धको अभियान्ताहरु र प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहन्छौं साथै पुस्तकको शुद्धाशुद्धि हेरी शुद्ध बनाउने कार्यमा सहयोग गर्नुहुने संस्थाका संस्थापक सभापति डा. तिर्थ राणाज्यू, पूर्व सभापति धनमान श्रेष्ठज्यू एवं थेम्मृङ मासिक पत्रिकाका प्रधान सम्पादक सागर गरागाई र छपाई कार्यमा सहयोग गर्नुहुने स्वस्तिक प्रिन्टिङ्ग प्रेस एवं प्रेसमा कार्यरत कर्मचारी हरुलाई हृदयदेखि धन्यवाद दिन चाहन्छौं । धन्यवाद ।

थेम्मृङ मासिक
मध्यपुर थिमि

विषय सूची

क्र.सं.	विषय	पेज
१.	महान वैज्ञानिक र क्षयरोगको छोटकरी परिचय	११
२.	नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखाको ऐतिहासिक परिचय	१३
३.	क्षयरोग निवारण संस्थाको आर्थिक स्थिति	३१
४.	संस्थाको सहकार्यता	३२
५.	क्षयरोग संस्थाद्वारा संचालित गतिविधि	३६
६.	संस्थाबाट विभिन्न प्रकाशनहरु	३८
७.	संस्थाको उपलब्धीहरु	३९
८.	नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको महत्वपूर्ण भूमिका	४१
९.	नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको कार्यसमिति र कार्यकाल	४३
१०.	नाटाको अवस्था	५१
११.	राष्ट्रिय क्षयरोग केन्द्रसँगको संस्थागत सहकार्य	५९
१२.	मासिक स्वास्थ्य परीक्षण तथा मनोपरामर्श कार्यक्रम	६३
१३.	संस्थाका आजीवन सदस्यहरुको नामावली	६७
१४.	क्षयरोग दाईदेखि सभापतिसम्म	७१
१५.	नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखाको ऐतिहासिक फोटोहरु	७६

महान वैज्ञानिक र क्षयरोगको छोटकरी परिचय

रबर्ट कक्को छोटकरी परिचयः

डा. रबर्ट कक् जर्मनीका प्रसिद्ध चिकित्सक र वैज्ञानिक थिए। उनको जन्म सन् १८४३ मार्च ११ मा जर्मनीमा भएको थियो । उहाँले क्षयरोग पत्ता लगाउन धेरै अनुसन्धान गरेका थिए । उहाँले क्षयरोगको कारण हुने जीवाणु (माइकोब्याक्टीरियम ट्यूबरकुलोसिस) सन् १८८२ मार्च २४ मा पत्ता लगाए । यो खोजले चिकित्सा विज्ञानमा क्रान्ति ल्यायो । उनले धेरै अनुसन्धान पछि २६० औं प्रयासमा सफलता प्राप्त गरेका थिए । क्षयरोग माइक्रोव्याक्टेरियम् ट्यूबर क्लोसिस् नामक किटाणुबाट हुने रोग हो भने पत्ता लगाएपछि विश्व समुदायमा विभिन्न आंकडा गरिराखेको भ्रमलाई चिरी दिए । उहाँलाई सन् १९०५ मा नोबेल पुरस्कार प्रदान गरिएको थियो । उहाँ सन् १९१० मे २७ स्वर्गीय हुनु भयो । जव क्षयरोगको किटाणु पत्ता लगाई सकेपछि क्षयरोग उपचारका लागि औषधी उत्पादन हुन थालियो । आजसम्म पनि मार्च २४ लाई विश्व क्षयरोग दिवसको रुपमा विश्वले मनाउँदै आएको छ ।

टिबी (TB) रोगको परिचयः

टिबी (Tuberculosis of TB) एक संक्रामक रोग हो जुन माइकोब्याक्टीरियम ट्यूबर कुलोसिस (Mycobacterium tuberculosis) नामक सूक्ष्म जीवाणुबाट लाग्छ। यो रोग मानव इतिहासमै धेरै पुरानो रहेको छ र विश्वभर फैलिएको छ ।

टिबी मुख्यतया फोक्सोमा आक्रमण गर्छ र यो हावाको माध्यमबाट सजिलै सर्छ । संक्रमित व्यक्तिले खोकार वा छिंकँदा हावामा फैलिएका ड्रपलेट्समार्फत अरूलाई संक्रमण फैलिन्छ। यसलाई पुरानो समयमा सुकेनास, राजयक्ष्मा, खप्ते रोग आदि नामले पनि चिनिन्थ्यो ।

अतीतमा टिबी लागेका व्यक्तिहरूलाई समाजबाट अलग गरिने, गाउँ वा देशबाट निकाल्ने चलन थियो किनभने यो रोग निको हुन्न भन्ने धारणा थियो । तर, सन् १८८२ मार्च २४ मा जर्मन वैज्ञानिक डा. रबर्ट कक्ले टिबीको कारक जीवाणु पत्ता लगाएपछि यसको उपचारको बाटो खुल्यो। यस खोजले चिकित्सा विज्ञानमा ठूलो क्रान्ति ल्यायो ।

आज टिबी निको हुने रोग हो। नियमित रूपमा ६-८ महिनासम्म औषधि लिएमा यो पूर्ण रूपमा निको हुन सक्छ। विश्व स्वास्थ्य संगठन (WHO) ले प्रत्येक वर्ष मार्च २४ लाई विश्व क्षयरोग दिवसको रूपमा मनाउँछ र यसको बारेमा जागरूकता फैलाउँछ ।

तापनि, अहिले पनि गरिबी, कमजोर प्रतिरक्षा प्रणाली, खराब पोषण, धूम्रपान र एचआईभी जस्ता कारणले गर्दा विशेषगरी उप-विकसित र विकासशील देशहरूमा टिबीको प्रभाव अझै ठूलो छ ।

नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखा

ऐतिहासिक परिचय :

नेपालमा क्षयरोगको कारक जीवाणु पत्ता लगाएको (सन् १८८२) बाट ७२ वर्षपछि, बि.सं. २०१० साल श्रावण ९ गते, नेपालमा क्षयरोग नियन्त्रण र उपचारको क्षेत्रमा ऐतिहासिक कदम उठाइएको थियो। त्यस दिन पूर्व प्रधानमन्त्री स्वर्गीय मातृका प्रसाद कोइरालाको अध्यक्षतामा नेपाल क्षयरोग निवारण संस्था (Nepal Tuberculosis Association-NATA) को स्थापना भएको थियो। संस्थाको केन्द्रिय कार्यालय काठमाडौं, कालिमाटीमा रहेको छ ।

त्यही वर्ष, बि.सं. २०१० मंसिर १३ गते, तत्कालीन राजा महेन्द्र वीर विक्रम शाहको शुभहस्तबाट संस्थाको विधिवत् उद्घाटन गरिएको थियो । यो दिनलाई राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको रूपमा मनाउँदै आएको छ र आजसम्म नेपालभर विभिन्न कार्यक्रमहरूको माध्यमबाट क्षयरोग नियन्त्रण कार्यक्रम गर्दै आइरहेको छ ।

नेपाल क्षयरोग निवारण संस्था, संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएको नेपालको दोस्रो सामाजिक संस्था हो । यस संस्थाले क्षयरोगको निवारण, रोकथाम, जागरूकता र मानव संसाधन विकासमा महत्वपूर्ण भूमिका खेलेको छ ।

भक्तपुरमा रहेको यस संस्थाको शाखा क्षेत्रीय स्तरमा क्षयरोग उपचार, अनुगमन, प्रशिक्षण र सामुदायिक जागरूकता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । संस्थाले सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा काम गरी नेपालमा क्षयरोग नियन्त्रणको प्रयासमा निरन्तर योगदान दिँदै आएको छ ।

भक्तपुर शाखाको स्थापना :

नेपाल क्षयरोग निवारण संस्थाको केन्द्र स्थापना (बि.सं. २०१०) पछि संस्थाको कार्यक्षेत्रलाई देशभर विस्तार गर्ने उद्देश्य अनुसार विभिन्न जिल्लाहरूमा शाखाहरू विस्तार गर्ने प्रयास गरियो । यसै क्रममा, केन्द्र स्थापनाको २६ वर्षपछि अर्थात बि.सं. २०३६ साल श्रावण १५ गते नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा भक्तपुरको औपचारिक रूपमा स्थापना भयो ।

शाखाको स्थापना तत्कालीन भक्तपुर अस्पतालका मेडिकल सुपरिन्टेन्डेण्ट डा. तिर्थ राणाको संयोजकत्वमा एक तदर्थ समिति गठन गरिएको थियो । त्यस समितिले भक्तपुर क्षेत्रमा क्षयरोग नियन्त्रण गर्ने, विरामीलाई उपचार गर्ने र सामुदायिक स्वास्थ्य सेवाको विकासमा अग्रणी

भूमिका खेल्ने उद्देश्य राखेको थियो । उक्त तदर्थ समितिको संरचना निम्नानुसार थियो ।

संयोजक डा. तिर्थ राणा (मेडिकल सुपरिन्टेन्डेण्ट, भक्तपुर अस्पताल), सचिव धनमान श्रेष्ठ, कोषाध्यक्ष डा. अशोकानन्द मिश्र, सदस्यहरूमा नरेन्द्रभक्त हाडा, कृष्णगोपाल श्रेष्ठ, सरस्वती बनेपाली, बाबुराजा जोशी र भैरव रिसाल रहेका थिए । त्यस समितिको पहलमा भक्तपुरमा क्षयरोगको निदान, उपचार र प्रचारप्रसारमा आधारित सेवा प्रणाली विकासमा ठूलो योगदान पुऱ्याइयो। समयको साथै भक्तपुर शाखा स्थायी संरचनामा परिणत भएर क्षेत्रीय स्तरमा क्षयरोग नियन्त्रणको केन्द्रको रूपमा उभिएको छ ।

नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको पहिलो अधिवेशन :

नेपाल क्षयरोग निवारण संस्था, भक्तपुरको बि.सं. २०३६, श्रावण १५ बि.सं. तदर्थ समिति गठन पछि २०३६ कार्तिक २४ संस्थाको विधान अनुसार औपचारिक रूपमा पहिलो अधिवेशन सम्पन्न गरिएको थियो । यस अधिवेशनबाट संस्थाको पहिलो कार्यसमिति चयन गरिएको थियो ।

अधिवेशनले निम्न नेतृत्व चयन गरेको थियो । सभापति डा. तिर्थ राणा, उपसभापति गणेशप्रसाद गिरी, सचिव डा. त्रिभुवनप्रसाद राजभण्डारी, सहायक सचिव धनमान श्रेष्ठ, कोषाध्यक्ष कृष्णगोपाल श्रेष्ठ, कार्यसमिति सदस्यहरूमा भैरव रिसाल, नरेन्द्रभक्त हाडा, गोपालकृष्ण श्रेष्ठ, सरस्वती बनेपाली, टिकाबहादुर खड्का, बाबुराजा जोशी, डा. कृष्णबहादुर कर्माचार्य रहनु भएको थियो भने चिकित्सकमा डा. अशोकानन्द मिश्रलाई मनोनय गरिएको थियो । त्यसैगरी प्रतिनिधि सदस्यहरुमा जिल्ला पञ्चायतका प्रतिनिधि र भक्तपुर नगर पञ्चायतका प्रतिनिधि रहेका थियो । यो पहिलो अधिवेशन संस्थाको इतिहासमा एक महत्वपूर्ण मोड थियो, जसले भक्तपुरमा क्षयरोग निवारणको आधारशिला औपचारिक रूपमा पक्का गऱ्यो ।

त्यस समयमा संस्थाको आफ्नो भवन थिएन । संस्थाको कार्यालय सञ्चालनका लागि भक्तपुर अस्पतालको प्रांगणमा रहेको टहराबाट शुरु गरिएको थियो, जहाँ सीमित स्रोत र साधनको अभावको बावजुद पनि संस्थाका सम्पूर्ण सदस्यहरू स्वयंसेवकको रूपमा क्रियाशील र सेवारत थिए । भक्तपुर जिल्लामा क्षयरोग नियन्त्रण र सामुदायिक स्वास्थ्य सेवाको विकासका लागि नि:स्वार्थ रूपमा निरन्तर सेवा दिएका थिए ।

केही समयपछि संस्थाको कार्य संचालनको लागि भक्तपुर खौमास्थित विज्ञान बहादुर मल्ल (हाल गोविन्द बहादुर मल्ल)को घरमा एउटा कोठा लिई संचालन गरिएको थियो । संस्थाले क्षयरोगी विरामी उपचार गर्नेदेखि लिएर समय समयमा स्वास्थ्य परीक्षण र अभिमुखीकरण कार्यक्रमहरु निरन्तर अगाडि बढिरहेको थियो ।

क्षयरोग नियन्त्रणमा पाइलट प्रोजेक्ट संचालन :

नेपाल क्षयरोग निवारण संस्था केन्द्रिय कार्यालयको सुपरिवेक्षणमा भक्तपुरको दधिकोटस्थित गाम्चा हेल्थ पोष्टमा क्षयरोग नियन्त्रण अभियान अन्तर्गत पाइलट प्रोजेक्ट

शुरु गरिएको थियो । उक्त कार्यक्रममा घरदैलो कार्यक्रम चलाएको थियो । घरदैलो कार्यक्रम चलाउन संस्थाले होम भिजिटर सोमबहादुर पन्थ र सुरेश खत्री, सानुभाइ थापा ल्याव टेक्निसियन राखी नमूना प्रोजेक्टको रुपमा संचालन गरिएको थियो ।

समुदायमा आधारित पहिलो क्षयरोग नियन्त्रण परियोजना :

नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरको स्थापना पश्चात बि.सं. २०३७ सालमा पहिलो पटक समुदायमा आधारित क्षयरोग नियन्त्रण परियोजना शुरु गरियो । उक्त परियोजना संचालन गर्न जिल्ला कार्यक्रम संयोजकमा भिमसेन थापालाई नियुक्ति गरिएको थियो । संस्थाले भक्तपुर जिल्ला भित्रका बागेश्वरी हेल्थ पोष्टमा केदार अधिकारी, ताथली हेल्थ पोष्टमा बासुदेव कार्की, थिमि हेल्थ पोष्टमा हरिकुमार तामाङ्ग, नंखेल र दुवाकोट सवसेन्टरमा चन्द्रभक्त रायलाई होम भिजिटरको रुपमा व्यवस्था गरिएको थियो । नंखेल सवसेन्टरमा नारायणप्रसाद सुकुभुटु सहयोगीको रुपमा कार्यरत थिए । यसरी भक्तपुरमा पहिलो पटक समुदायमा आधारित कार्यक्रम शुरुवात भएको थियो ।

कर्मचारीको व्यवस्था :

बि.सं. २०३७ सालमा समुदायमा आधारित क्षयरोग नियन्त्रण कार्यक्रम संचालन गर्न कार्यक्रम संयोजकको रुपमा भिमसेन थापालाई नियुक्ति गरेको थियो । होम भिजिटर हरुमा केदार अधिकारी, बासुदेव कार्की, हरिकुमार तामाङ्ग, चन्द्रभक्त रायलाई नियुक्ति गरियो । बि.सं. २०३९ सालमा कार्यक्रम संयोजक भिमसेन थापाले राजिनामा दिएपछि न्हुछेकुमार त्वायनालाई संस्थाले कार्यक्रम संयोजक नियुक्ति गरियो । उहाँले करिव १६ वर्षसम्म क्षयरोग नियन्त्रणका लागि संस्थामा सेवा पुऱ्याएको देखिन्छ । संस्थामा पाइलट प्रोजेक्ट कार्यक्रम सकिएपछि होम भिजिटरहरुको संख्या घट्दै गएको देखिन्छ । संस्थामा कार्यक्रम संयोजक न्हुछेकुमार त्वाय्ना र होमभिजिटर हिरण्यप्रताप सांगामी दुई जना मात्र कर्मचारी रहेको देखिन्छ । बि.सं. २०५५/५६ सालतिर संस्थाको आयस्रोत कमीका कारण कर्मचारीलाई तलब घटाउने कार्य समितिको निर्णयपछि कार्यक्रम संयोजक न्हुछेकुमार त्वाय्नाले राजीनामा दिनुभयो । त्यसपछि हिरण्यप्रताप सांगामीलाई होम भिजिटरबाट कार्यक्रम संयोजकमा स्तरोन्नति गरियो । बि.सं. २०७२ सालमा हिरण्यप्रताप सांगामीलाई कार्यक्रम संयोजकबाट कार्यालय सचिवमा पदोन्तरी गरियो र बि.सं. २०७९ सालसम्म सोही पदमा काम गरिरह्यो । संस्थामा कार्यक्रमको प्रकृतिलाई हेरी बेलाबखतमा कर्मचारीहरु थप्ने र घट्ने क्रम जारी रह्यो । कार्यक्रमलाई प्रभावकारी बनाउन कर्मचारी स्वयम् सेवकको रुपमा पनि व्यवस्था गरेको देखिन्छ । संस्थामा स्वयम् सेवकको रुपमा सेवा गर्नेहरुमा भावना श्रेष्ठ, विमला प्रजापति, अञ्जली सैंजु, शोभा सैंजु, शर्मिला शिल्पकार

लगयतले सेवा गर्नु भएको थियो । त्यसैगरी खकार परीक्षण ईश्वरी कोजु, लक्ष्मी त्यात, विश्वराम थापा, सोमबहादुर पन्थ, लक्ष्मी चौगुठीलगायत रहेका छन् । कुनै बेला कार्यक्रमलाई हेरेर कार्यक्रम अवधिभरको लागि मात्र पनि कर्मचारीको व्यवस्था गरिएको देखिन्छ ।

नगर क्लिनिक संचालन :

बि.सं. २०४१ सालमा संस्थाको दोश्रो अधिवेशन पश्चात नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखाले खौमा भक्तपुरस्थित गोविन्द मल्लको घरमा संस्थाको कार्यालय तथा नगर क्लिनिक संचालन गरेको थियो । संस्थाले संचालन गरेको पहिलो नगर क्लिनिक थियो । उक्त क्लिनिकबाट क्षयरोगका विरामीहरुलाई औषधी खुवाउने कार्य शुरु भयो । उक्त क्लिनिक हेर्ने जिम्मा सुदिप गणेश र सरस्वती श्रेष्ठलाई दिइएको थियो ।

नगर क्लिनिकमा डा. तेजसिं मल्ल, डा. दुर्गाप्रसाद मानन्धर, फिजिसियन डा. किरण मानन्धर, डा. लक्ष्मीराम मल्ल, दक्षिण कोरिया युथ सोसाइटीका स्वयंसेवक डा. किम उक् सुनले क्षयरोगी विरामीहरुको स्वास्थ्य परीक्षण गरी सेवा गरेका थिए । डा. किम उक् सुनले एक वर्षसम्म संस्थामा स्वयंमवेकको सेवा गरी संस्थाको आजीवन सदस्य समेत बन्नु भएको थियो ।

भूगोलको हिसाबले थिमि निवासी पूर्ण साहु श्रेष्ठको औषधी पसलबाट क्षयरोगको औषधी खुवाउने क्लिनिक संचालन गरिएको थियो । उक्त क्लिनिक हेर्ने जिम्मा सरस्वती श्रेष्ठलाई दिएको थियो । त्यसैगरी दधिकोट हेल्थ पोष्टमा हेर्ने जिम्मा सोमबहादुर पन्थको थियो भन्ने बागेश्वरी हेल्थ पोष्टमा केदार अधिकारी, ताथली हेल्थ पोष्टमा बासुदेव कार्की, थिमि हेल्थ पोष्टमा हरिकुमार तामाङ्ग, नंखेल र दुवाकोट सवसेन्टरमा चन्द्रभक्त राय रहनु भएको थियो । यसरी क्षयरोग नियन्त्रण अभियानमा क्षयरोगी विरामीहरुलाई औषधी खुवाउनेदेखि प्रचार प्रसारलगायतका क्रियाकलापहरु गर्ने गरेको थियो ।

औषधीको व्यवस्था :

क्षयरोग विरामीहरुको लागि चाहिने औषधीको व्यवस्था डिल्लीबजार क्षयरोग नियन्त्रण परियोजनाबाट प्राप्त हुन्थ्यो । हाल नेपाल सरकार, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र र जिल्ला जनस्वास्थ्य कार्यालयले व्यवस्थापन गर्दै आइरहेको छ । नयाँ व्यवस्था अनुसार हाल स्थानीय निकायबाट क्षयरोगको औषधी उपलब्ध हुँदै आइरहेको छ ।

संस्थाको भवन निर्माण :

बि.सं. २०४२ सालमा धनमान श्रेष्ठको सभापतित्व कार्यकालमा तात्कालिन जिल्ला पञ्चायत भक्तपुरका तात्कालिन सभापति गणेशबहादुर खत्रीको पहलमा जिल्ला पञ्चायत परिसरको पूर्वतर्फ हाल रामेश्वर सुवालको चिया पसल, पश्चिमतर्फ नेपाल

स्काउट भवन, उत्तरतर्फ बाटो र दक्षिणतर्फ सुन्धारा र तलेजु मन्दिर यति चारकिल्ला भित्रको सार्वजनिक जग्गा उपलब्ध गराएको थियो । सोही भवन बनाउन जिल्ला पञ्चायतबाट रू. १० हजार आर्थिक सहयोग गर्नु भएको थियो । तात्कालीन प्रमुख जिल्ला अधिकारी रामेश्वरदास श्रेष्ठको अध्यक्षतामा भवन निर्माण समिति गठन गरिएको थियो । बि.सं. २०४२ सालमा तात्कालिन स्वास्थ्य मन्त्री रूद्रप्रसाद गिरीले भवन शिलान्यास गर्नुभयो ।

लाजिम्पाट काठमाडौं निवासी तत्कालीन जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारी रामेश्वरदास श्रेष्ठले भवन निर्माणमा ठूलो योगदान गर्नु भएको थियो । संस्थाको भवन निर्माण गर्न उहाँले भक्तपुरका प्रत्येक ईट्टा भट्टाहरुमा गई ईट्टा सहयोगको लागि अनुरोध गर्नु भएको थियो । विभिन्न संघसंस्थाहरुमा आर्थिक एवं भौतिक सहयोगका लागि पहल गर्नु भएको थियो । संस्थाको एक तल्ला भवन निर्माणमा भक्तपुरका विभिन्न ईट्टा भट्टा एवं सहयोगी दाताहरुले आर्थिक तथा भौतिक सहयोग गरेका थिए । हाल सोही भवनमा कार्यालय संचालन भइरहेको छ ।

बि.सं. २०४४ साल कार्तिक २१ गते शनिबारका दिन वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवीशाहको ३९ औं जन्मोत्सवको अवसरमा तात्कालिन श्री ५ शाहाज्यादी जयन्ती राज्यलक्ष्मीदेवी शाहज्यूको बाहुलीबाट भवन समुद्घाटन गर्नु भएको थियो ।

बि.सं. २०४९ सालमा विष्णु प्रसाद लिविको सभापतित्वको कार्यकालमा भवनको दोश्रो तल्ला निर्माण सम्पन्न गरिएको थियो । संस्थाका कार्यसमिति सदस्य कैलाश श्रेष्ठको संयोजकत्वमा भवनको तल्ला थप्ने समितिले दोश्रो तल्ला निर्माण गरेको थियो । सोही भवन निर्माणमा थिमि निवासी बाबुकाजी सा:छैं श्रेष्ठको पहलमा ई. सुरेश भारांग्वारा श्रेष्ठको सहयोगबाट प्लान इन्टरनेशनलले रू. ४० हजार आर्थिक सहयोग गर्नु भएको थियो । त्यसैगरी भक्तपुरका विभिन्न संघसंस्था, ईट्टा भट्टाहरुले आर्थिक एवं जिन्सी सहयोग गर्नुका साथै विभिन्न समाजसेवीहरुको आर्थिक सहयोगबाट संस्थाको दोश्रो तल्ला थपिएको थियो ।

बि.सं. २०५२ पौष १२ गते दोश्रो तल्लाको उद्घाटन संस्थाका संस्थापक अध्यक्ष एवं पूर्व प्रधानमन्त्री मातृका प्रसाद कोइरालाले गर्नु भएको थियो ।

विष्णुप्रसाद लिविकै कार्यकालमा संस्थालाई आर्थिक रुपमा पनि सबल बनाउनु पर्छ भने हेतुले विभिन्न कार्यक्रमहरु गरी केही रकम जम्मा गरेका थिए । सो रकमलाई संस्थाकै सदस्यहरुले ऋण रुपमा प्रयोग गर्ने उक्त ऋण लिए वापत व्याज संस्थालाई बुझाउने गरी केही सदस्यहरुले संस्थाबाट ऋण लिएको देखिन्छ । केही सदस्यहरुले उक्त ऋण संस्थालाई व्याज सहित चुक्ता गरेका छन् भन्ने एकजना सदस्यसँग उक्त ऋण बाँकी रहेको

थियो । उक्त ऋणलाई सावा मात्र लिने व्याज मिनाह गर्ने साधारणसभाको निर्णयपछि ऋण असुल गरिएको देखिन्छ ।

बि.सं. २०४९ भाद्र ५ र ६ गते धुलिखेलमा भएको नेपाल क्षयरोग निवारण संस्थाको चौंथो महाधिवेशनमा यस शाखाका निवर्तमान सभापति धनमान श्रेष्ठ केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो र सोही कार्यसमितिबाट महासचिव पदमा निर्विरोध निर्वाचित भएको थियो । त्यही समयमा महासचिव धनमान श्रेष्ठको श्रीमती क्यान्सर भएर विरामी परेपछि उपचारको लागि भारतमा जानु पर्ने भएकोले संस्थामा समय दिन नसकेको धनमान श्रेष्ठ बताउनु हुन्छ । तैपनि संस्थालाई अर्को महाधिवेशनसम्म कार्यभार सम्हालेको पनि श्रेष्ठले बेला बेलामा सुनाउनु हुन्छ ।

बि.सं. २०५३ सालमा सभापति तुईलाल श्रेष्ठको कार्यकालमा संस्थालाई सशक्त रुपमा अगाडि बढाएको थियो । संस्थालाई आर्थिक रुपमा सबल बनाउन साइतामा अक्षयकोषको स्थापना गरियो । उक्त साइतामा अक्षय कोषमा जिल्ला शाखाको तर्फबाट रू. ७५ हजार र केन्द्रबाट रू. २ लाख ५० हजार गरी जम्मा रू. ३ लाख २५ हजारको अक्षयकोष स्थापना गर्नु भएको थियो ।

बि.सं. २०५३ सालमा राष्ट्रिय क्षयरोग केन्द्रले नेपालमा क्षयरोग नियन्त्रण गर्न नमूनाको रुपमा चार जिल्लामा डट्स कार्यक्रम लागु गरेको थियो । उक्त कार्यक्रम संचालन गर्न पर्सा, कैलाली, नवलपरासी र भक्तपुर जिल्लाहरुमा पहिलो पटक लागु गरेका थिए । पहिलो पटक लागु भएको राष्ट्रिय क्षयरोग निन्त्रयण कार्यक्रम अन्तर्गत डट्स कार्यक्रमलाई सफल बनाउन संस्थाकै सभापति तुईलाल श्रेष्ठको संयोजकत्वमा डट्स सहयोग समिति गठन गरिएको थियो । उक्त समितिमा सचिव वरिष्ठ जिल्ला जनस्वास्थ्य अधिकृत भानुभक्त राय, कोषाध्यक्ष नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भक्तपुरका मन्त्री बालमुकुन्द सुवाल र सदस्यहरुमा क्षयकुष्ठ सहायक जयराम दवाडी, नेपाल स्काउट भक्तपुर शाखाका जिल्ला आयुक्त रामगोपाल कर्माचार्य, राष्ट्रिय क्षयरोग केन्द्रका तालिम प्रमुख डाक्टर पुष्पा मल्ल र भक्तपुर अस्पतालका सुपरिन्टेन्डेण्ट डा. गोविन्दप्रसाद ओझा गरी ७ जना रहेका थिए ।

भक्तपुर अस्पतालको पाङ्गणमा संचालित डट्स क्लिनिकमा क्षयरोग विरामीहरुलाई बिहानको समयमा औंषधी खुवाउन संस्थाका कर्मचारी हिरण्यप्रताप सांगामी, सिविआर बाट ईश्वरी श्रेष्ठ, नेपाल स्काउटबाट राजेश्वरी शिल्पकार, स्वयंम्सेवक विकास भोयद्यो, रामहरि श्रेष्ठ, दिनेश कक्षपति, कृष्णराम स्वग:मिखालगायतले सेवा गर्नु भएको थियो । उक्त डट्स क्लिनिकमा संस्थाका कर्मचारी हिरण्यप्रताप सांगामीले करिव १३ वर्ष विना

पारिश्रमिकमा औषधी खुवाउने कार्यमा सेवा गर्नु भएको थियो । त्यसैगरी राजेश्वरी शिल्पकारले ७ वर्षसम्म विना पारिश्रमिकले स्वयम्सेवक भई सेवा गर्नु भएको थियो । पहिलो पटक लागु भएको डट्स कार्यक्रम भक्तपुरमा सबैको सहयोगले क्षयरोगी विरामी निको हुने दरमा ८५ प्रतिशत र पत्ता लगाउने दरमा ४५ प्रतिशत पुऱ्याउन सफल भएको थियो । क्षयरोग नियन्त्रणको IUATLD थाइल्याण्डको बैंकक्मा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा संस्थाका तात्कालिन सभापति तुईलाल श्रेष्ठ सहभागी हुनु भएको थियो । सोही सम्मेलनमा राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. दीर्घसिंह बमलाई "डा. कार्लस स्टेब्लो पुरस्कार"द्वारा सम्मान गरिएको थियो ।

बि.सं. २०५६ सालमा कर्मचारीहरुलाई तबल खुवाउन आर्थिक स्रोत कम भएपछि कर्मचारीहरुको खाइपाई आएको तलबमानमा ३३ प्रतिशत घटाउने कार्यसमितिले निर्णय गरेको थियो । कर्मचारीहरुको ३३ प्रतिशत तलब घटाउँदा पनि क्षयरोग नियरन्त्रणका लागि कार्यक्रम संयोजक न्हुछेकुमार त्वायना र होम भिजिटर हिरण्यप्रताप सांगामीले कर्मठ भई संस्थामा सेवा गरिरहनु भएको थियो । बि.सं. २०५६ सालमा लामो समयसम्म कार्यक्रम संयोजक पदमा रही सेवा गर्नुभएका न्हुछेकुमार त्वाय्नाले आफ्नो व्यस्ताको कार ण संस्थामा समय दिन नसकेपछि संस्थाले उहाँलाई स-सम्मान विदा गरियो । संस्थाले होम भिजिटर पदमा कार्यरत रहनु भएको हिरण्यप्रताप सांगामीलाई कार्यक्रम संयोजक पदमा स्तरोन्ती गरियो । हिरण्यप्रताप सांगामी बि.सं. २०६८ सालसम्म कार्यक्रम संयोजकको रुपमा कार्यरत हुनुहुन्थ्यो ।

बि.सं. २०५६ सालमा बालमुकुन्द बासुकलाको सभापतित्वकालमा देशमा राजनीतिक अस्थिरता भइरहेको थियो । यद्यपी प्रतिकुल समयको बाबजूद पनि संस्थाको कार्यक्रमलाई निरन्तरता दिइएको थियो । संस्थालाई आर्थिक रुपमा पनि सबल बनाउन जिल्ला विकास समितिको सहयोगमा कार्यक्रमहरु संचालन गरी संस्थाको अक्षयकोषलाई बृद्धि गरिएको थियो । उक्त समयमा संस्थाका कार्यक्रमहरु निरन्तर रुपमा संचालन भएको देखिन्छ । उहाँको कार्यकालमा विगतमा संस्थाले ऋण दिएका सदस्यबाट ऋण असुल उपर गर्न साधारणसभाबाट व्याज मिन्हा गर्ने निर्णय गरी साँवा उठाई संस्थाको कोषमा दाखिला गर्न सफल भएको थियो । उहाँको कार्यकाल अवधिको निर्णय पुस्तिका संस्थामा देखिन्दैन र फेला पार्न सकेको अवस्था छैन ।

बि.सं. २०५७ फागुन ३ गते पोखरामा भएको नेपाल क्षयरोग निवारण संस्थाको २१ औं केन्द्रीय सभा तथा छैठौं महाधिवेशनबाट पारित आजीवन सदस्यता शुल्क रू. १०००।- र प्रवेश शुल्क रू. १०।- गरी जम्मा रू. १०१०।- आजीवन सदस्यता शुल्क

बृद्धि भएकोमा त्यसलाई वास्ता नगरी बि.सं. २०६१ भाद्र १५ गतेसम्म पुरानै आजीवन सदस्यता शुल्कमा सदस्य बनाएको देखिन्छ ।

बि.सं. २०६१ सालमा राम सिख्व:को नेतृत्वको कार्यकालमा क्षयरोग नियन्त्रण गर्न विभिन्न क्रियाकलाहरु संचालन गरेका थिए । विद्यालयस्तरीय, समुदायस्तरीय अभिमुखीकरण कार्यक्रम, भजनमण्डल, गुम्बा, बिहारहरुमा क्षयरोग सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिएको थियो । उक्त समयमा विभिन्न संघसंस्थासँगको साझेदारीमा क्षयरोग नियन्त्रण अभियान अगाडि बढाइएको थियो ।

संस्थाको आजीवन सदस्य विधान बमोजिम नभएको कारणले नै वितगको आजीवन सदस्यता सम्बन्धमा समस्या उत्पन्न भएको थियो । संस्थाले आजीवन सदस्यता शुल्क थपका लागि सदस्यहरुलाई पत्रचार पनि गरियो । आजीवन सदस्यता शुल्क थप्नुपर्ने ८८ जनालाई संस्थाले पत्राचार पश्चात ३३ जना सदस्यहरुले थप्नु नपर्ने निवेदन दिएको थियो भने १ जनाले सदस्य शुल्क तिरेका थिए । संस्थाको साधारणसभा नभएको कारणले सदस्यको समस्या टुङ्ग्याउन सकेन ।

उक्त कार्यकालमा विभिन्न कार्यक्रमहरु भएतापनि विगतको आजीवन सदस्य समस्याका कारण वार्षिक जिल्लासभा हुन सकेन । संस्थामा कार्यरत कर्मचारीहरुका लागि कर्मचारी संचयकोष, नागरिक लगानीको र उपदान कोष जस्ता कुनै सुविधाको व्यवस्था गरिएको थिएन । राम सिख्व:को कार्यकालमा कर्मचारीहरुलाई सेवा गरेवापत सुविधा दिनुपर्छ भन्ने भावना राखी कर्मचारी संचयकोषको व्यवस्था गरिएको थियो ।

बि.सं. २०७३ सालमा राम सिख्व:को दोस्रो कार्यकालमा नेपालको विभिन्न जिल्लाहरुमा संघसंस्थाहरुसँगको सहकार्यमा नि:शुल्क स्वास्थ्य शिविर, खकार परीक्षण एवं नि:शुल्क औषधी वितिरण कार्यक्रम पहिलो पटक पाटनको थैबबाट शुरु गरिएको थियो । त्यसैगरी पूर्वमा काभ्रेपलाञ्चोक, सितल छायाँ आमा समूह, मादनकुडारी, सिन्धुपाल्चोक, नवलपुर, इन्द्रवती गाउँपालिका, मेलम्ची, हेलम्बू, कुशेश्वर दुम्जा सिन्धुली, केशरजंग ईश्वरपुर नपा, सर्लाही, मकवानपुर चितलाङ्ग, सुदुरपश्चिम दुर्गाथली गापा, चौधारी गुजी बझाङ विकट जिल्लाहरुमा पनि स्वास्थ्य शिविर, खकार शिविर तथा नि:शुल्क औषधी वितरण संचालन गरिएको थियो ।

बि.सं. २०७६ साल माघ २ गतेदेखि नेपाल क्षयरोग निवारण संस्था केन्द्रले क्याटलिक फण्ड कार्यक्रम भक्तपुर शाखामा लागु गरेको थियो । उक्त क्याटलिक फण्ड अन्तर्गत क्षयरोग नियन्त्रणका विभिन्न खकार शिविर, स्वास्थ्य शिविर, घरघरमा खकार संकलन र परीक्षण कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रमबाट भक्तपुर जिल्लामा

क्षयरोग पत्ताउनमा ठूलो टेवा पुगेको थियो ।

क्षयरोग नियन्त्रण अभियानको लागि सहकार्य गर्ने संघसंस्थाहरुमा हर्ट एण्ड डाय्भेटिज संस्था, नेपाल रेडक्रस सोसाइटी मध्यपुर थिमि उपशाखा, नेपाल रेडक्रस सोसाइटी, सिन्धुपाल्चोक शाखा, बासुदेव प्रसाद जोशी स्मृति प्रतिष्ठा, खुड्किलो नेपाल, तारा मण्डल महिला शसक्तिकरण, शिवशक्ति सेवा समाज, नेपाल स्काण्ट भक्तपुर, एसस्वी युवा समाज, भूपू शाही नेपाली चिकित्सक समाज, सामुदायिक विकास समाज (सोकोत), गणेश मावि, सूनपा-८, सामुदायिक स्वास्थ्य केन्द्र सूर्यविनायक चोक आदि रहेका छन् । त्यस्तैगरी विरामीहरुको चापलाई मध्यनजर गर्दै संस्थाको भवनबाट मात्र औषधी खुवाउँदै आएकोमा डट्स सब-क्लिनिक विस्तार गरी सामुदायिक स्वास्थ्य केन्द्र सूर्यविनायकमा पनि औषधी खुवाउने व्यवस्था गरिएको थियो । सब-क्लिनिकमा सचिव राजेश्वरी शिल्पकारले औषधी खुवाउने कार्य गर्नु भएको थियो । उक्त क्लिनिक संचालन गर्न सामुदायिक स्वास्थ्य केन्द्रका अध्यक्ष न्हुछेकुमार त्वाय्नाले समन्वय गर्नु भएको थियो ।

संस्थाले क्षयरोग खोजपताल र निको पार्ने उद्देश्यले उपचारमा रहेका क्षयरोगी विरामी र विरामीको परिवारहरुलाई मासिक रुपमा मनोपरामर्श तथा स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिएको थियो । डट्स क्लिनिकलाई प्रभावकारी बनाउन सभापति राम सिख्व:को संयोजकत्वमा तिन सदस्यीय डट्स समिति गठन गरियो । उक्त समितिको सदस्यहरुमा सचिव राजेश्वरी शिल्पकार र कार्यक्रम संयोजक हिरण्यप्रताप सांगामी रहेको थियो ।

क्षयरोग पत्तालगाउन खकार जाँच गर्न संस्थाले आफै ल्याव संचालन गर्न कार्यसमितिबाट आर्थिक सहयोग जुटाई माइक्रोस्कोप मेशिन खरिद गरेको थियो । त्यसबाट संस्थामै खकार जाँच गरी क्षयरोग पत्ता लगाउन ठूलो टेवा पुगेको थियो । त्यसैगरी कार्यालय व्यवस्थापनको लागि दाता मार्फत बासुदेव प्रसाद जोशी स्मृति प्रतिष्ठानका सदस्य कोषाध्यक्ष सर्जनी जोशी र सदस्य ओमचरण अमात्यले रङ्गिन प्रिण्टर सहयोग गर्नु भएको थियो । कार्यसमिति सदस्य जगतशेर गोसाईले ५०० लिटरको पानी ट्याँकी सहयोग गर्नु भएको थियो ।

बि.सं. २०६५ सालमा महेन्द्रलाल कायस्थको कार्यकालमा निरन्तर क्रियाकलापहरु संचालन गर्दै आर्थिक बृद्धिको कार्यक्रम पनि अगाडि बढेको थियो । विभिन्न संघसस्थाहरुको साझेदारीमा भक्तपुरका गाउँ-शहरहरुमा क्षयरोग नियन्त्रणका कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रतियोगितात्मक कार्यक्रमहरु अगाडि बढेको देखिन्छ । संस्थाको आजीवन सदस्य विवादलाई साधारणसभाबाट छलफल गरी टुङ्ग्याएको थियो । थप शुल्क तिरी आजीवन सदस्य कायम गर्न रकम थपका लागि पत्राचार गरेको थियो । आजीवन सदस्य कायम गर्न एकदुई जनाले

मात्र सदस्यता शुल्क थप गरी आजीवन सदस्यको वैधानिकता कायम गरियो । बाँकी अरु शुल्क थप नगर्ने सदस्यहरुलाई साधारणसभाबाट साधारण सदस्यमा परिणत गर्ने निर्णय गरियो र सदस्य शुल्कलाई नविकरण शुल्कमा समायोजन गरेर ५ वर्षसम्मको लागि साधारण सदस्यता कायम गरियो । पछि उक्त म्याद सकेपछि सदस्यता नविकरण नगर्ने सदस्यहरु सदस्यताबाट खारेज गर्ने साधारणसभाबाट निर्णय गरियो ।

बि.सं. २०६६ सालमा नेपाल क्षयरोग निवारण संस्था केन्द्रबाट ग्लोबल फण्ड कार्यक्रम भक्तपुरमा लागु गरेको थियो । सोही अनुसार भक्तपुरमा क्षयरोग नियन्त्रणका लागि ग्लोबल फण्ड कार्यक्रम अन्तर्गत थुप्रै कार्यक्रमहरु संचालन गरेको थियो ।

उहाँको कार्यकालमा तात्कालिन स्वास्थ्यमन्त्री अमिक शेरचनको पालामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भक्तपुरमा क्षयरोग नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन रू. ५००००।- को कार्यक्रम विनियोजन भएको थियो । सोही अनुरुपमा कार्यक्रम सम्पन्न गरेको थियो ।

मध्यपुर थिमिस्थित कृषि विकास तालिम हलमा मिति २०६६ जेठ १६ गते भएको आठौं केन्द्रिय महाधिवेशनबाट संस्थाका कार्यसमिति सदस्य महेन्द्रगोपाल कर्माचार्य केन्द्रिय सदस्यमा निर्विरोध निर्वाचित भएका थिए ।

उहाँकै कार्यकालमा यस संस्था र नेपाल स्काउट भक्तपुरको संयुक्त रुपमा डट्स क्लिनिक संचालन गर्न सम्झौता भएको थियो । सोही अनुरुप नेपाल स्काउटमा विरामीहरुलाई औषधी खुवाउँदै आएको थियो । औषधी खुवाउन स्वास्थ्यकर्मी राजेश्वरी शिल्पकारलाई व्यवस्था गरिएको थियो । उक्त क्लिनिकमा राजेश्वरी शिल्पकारले करिव आठ वर्षसम्म विना पारिश्रमिक सेवा गर्नु भएको थियो । पछि आफ्नै भवनमा ल्याव सहित ड्टस क्लिनिक संचालन गरियो । डट्स क्लिनिकमा औषधी खुवाउने कार्यमा राजेश्वरी शिल्पकार र हिरण्यप्रताप सांगामी, खकार परीक्षणमा ईश्वरी कोजु र लक्ष्मी त्यातले गर्नु भएको थियो ।

बि.सं. २०६९ सालमा जिल्ला अधिवेशन पश्चात बाबुकाजी श्रेष्ठको सभापतित्वमा नयाँ कार्यसमिति आएपछि पहिलो वैठकमै हिरण्यप्रताप सांगामीलाई कार्यक्रम संयोजकबाट कार्यालय सचिव पदोन्नति गरियो । कर्मचारीको हितका लागि तलबमान बृद्धि गरी कर्मचारी उपदानको पनि व्यवस्था गरेको थियो । भक्तपुरमा क्षयरोग नियन्त्रण अभियान तिब्र रुपमा अगाडि बढाएको थियो । विभिन्न विद्यालय, कलेज, सहकारी, संघसंस्था एवं स्थानीय खल:पुच:, सरकारी संघसंस्थाहरुको साथ र सहयोगमा क्षयरोग नियन्त्रण अभियानमा सचेतनादेखि विभिन्न कार्यक्रमहरु भएका थिए । संस्थालाई कार्य व्यवस्थापन, आर्थिक

सबल र कार्यशैलीलाई समय सापेक्ष र नयाँ कार्ययोजनाका साथ क्रियाकलापहरुलाई विकास गरिएको थियो । संस्थालाई दीर्घकालसम्म सबल, समृद्धि र विकासका लागि अक्षयकोषलाई बृद्धि गरिएको थियो । उक्त कार्यकालमा वार्षिक रुपमा ६३ वटासम्म कार्यक्रमहरु सम्पन्न गरेको तथ्यांकले देखाएका छन् । बाबुकाजी श्रेष्ठको सभापतित्वको कार्यकालमा संस्थाको क्रियाकलापहरुमा व्यापकता पाएको थियो ।

पहिलो पटक भक्तपुर जिल्लालाई सन् २०२५ सम्ममा "क्षयरोग मुक्त जिल्ला" बनाउने अभियानको थालनी गरियो । "लुकेर रहेका क्षयरोगी विरामीको खोजी गरी उपचारमा ल्याएर निको पार्ने" अभियानको शुरुवात पनि भक्तपुरबाट गरिएको छ । क्षयरोगी विरामीहरुलाई सहयोगार्थ थैली कार्यक्रम संचालन गरेको छ भने संस्थाकै भवनमा नि:शुल्क खकार परीक्षण गर्ने ल्यावको व्यवस्था एवं क्षयरोग नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन भक्तपुर नगरपालिका र मध्यपुर थिमि नगरपालिकामा महिला स्वयंविका समूह गठन गरी अगाडि बढेको थियो ।

समाजसेवी गोकुल बस्नेत, नेपाल सरकार स्वास्थ्य मन्त्रालयका उपसचिव लिलाराज पौडेल, स्वास्थ्य सचिव शान्तबहादुर श्रेष्ठ र स्वास्थ्यमन्त्री खगराज अधिकारीको विशेष पहलमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट संस्थालाई विभिन्न उपकरण खरिद गरी आधुनिकीकरण गर्न स्वास्थ्य मन्त्रालयले सहयोग गर्नु भएको थियो ।

संस्थाको नियमित कार्यक्रमको लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयका उपसचिव लिलाराज पौडेल, स्वास्थ्य सचिव शान्तबहादुर श्रेष्ठ र स्वास्थ्यमन्त्री खगराज अधिकारीको सहयोगमा आ.व. २०७२/०७३ को लागि राष्ट्रिय क्षयरोग केन्द्र (हाल राष्ट्रिय क्षयरोग निवारण केन्द्र)बाट वार्षिक रुपमा "क्षयरोग नियन्त्रण कार्यक्रम, भक्तपुर नाटा"को रुपमा "रातो पुस्तिका"मा समावेश गर्न सफल भएको थियो । सोही अनुसार आजसम्म पनि भक्तपुर मा कार्यक्रमहरु संचालन गर्दै अघि बढिरहेको देखिन्छ । भक्तपुर जिल्ला शाखा र राष्ट्रिय क्षयरोग निवारण केन्द्रको अभिन्न अंगको रुपमा स्थापित भइसकेको छ । सभापति राम सिख्व: (बि.सं. २०७३)को कार्यकालमा उक्त कार्यक्रम कार्यान्वयनमा आएको देखिन्छ ।

क्षयरोग नियन्त्रण अभियानलाई अझ शसक्त र बलियो बनाउनका लागि जिल्ला विकास समिति भक्तपुर (हाल जिल्ला समन्वय समिति), जिल्ला जनस्वास्थ्य कार्यालय (हाल जनस्वास्थ्य कार्यालय) भक्तपुर, मध्यपुर थिमि नगरपालिका, सहकारी संस्था र विभिन्न संघसंस्थाहरुबीच सहकार्य गर्नु भएको थियो । संस्थाले शुरुवात गरेको भक्तपुर जिल्लामा मात्र नभई नेपालको विभिन्न दुर्गम जिल्लाहरुमा बासुदेव प्रसाद जोशी स्मृति प्रतिष्ठान, लायन्स क्लव अफ काठमाडौं समर्पित, शिव शक्ति नेपाल, पिन नेपाल, साहित्य

अनुरागी संस्थालगायतका विभिन्न संस्थाहरुसँगको सहकार्यमा नि:शुल्क स्वास्थ्य शिविर एवं नि:शुल्क औषधी वितिरण कार्यक्रमहरु गरिएको थियो ।

बि.सं. २०७० चैत्र २१ र २२ गते भक्तपुर शाखा पहिलो शाखा अवलोकन भ्रमण नुवाकोट शाखामा गरिएको थियो । शाखा शाखा बीच पनि भातृत्व सम्बन्ध बनाउनु पर्छ भन्ने उद्देश्यले भक्तपुर शाखाबाट शाखा अवलोकन भ्रमण शुरुवात गरेको थियो । अवलोकन भ्रमण पूरा गरी फर्किने क्रममा धुन्चेमा संस्था कार्यालय सचिव हिरण्यप्रताप सांगामी दुर्घटनामा परी घाईते हुनु भएको थियो । उहाँको उपचार त्रिविवि शिक्षण अस्पतालमा भएको थियो । त्यसपछि भक्तपुर शाखाले कैलाली, चितवन, सिन्धुली शाखा अवलोकन गरेको थिए ।

संस्थाले क्षयरोगको औषधी सेवन गरिरहेको क्षयरोगी विरामी र विरामीका परिवार हरुलाई महिनाको एक पटक विभिन्न रोगहरुको परीक्षण गर्न मासिक स्वास्थ्य परीक्षण एवं स्वास्थ्य परामर्श कार्यक्रम शुरु गरेको थियो । नेपाल क्षयरोग निवारण संस्थाको शाखाहरुको भातृत्व विकास गर्न शाखा अवलोकन भ्रमणको शुरुवात गरी विभिन्न शाखाहरुमा अवलोकन गरिएको थियो । क्षयरोग नियन्त्रणका गतिविधिहरुलाई प्रचारप्रसार गर्न संस्थाले राम सिख्व:को सम्पादकत्वमा "स्वर्णिम जीवन" त्रैमासिक स्वास्थ्य पत्रिका प्रकाशनमा ल्याएको थियो । भक्तपुर शाखाले पहिलो पटक महिला स्वयंसेविका गठन गरी कार्यक्रमलाई अगाडि बढाएको थियो । महिला स्वयंसेविकाहरुमा भक्तपुर महिला स्वयंसेविका र मध्यपुर थिमि महिला स्वयंसेविका रहेका छन् । बि.सं. २०७१ भाद्र २२ गते के. एण्ड के. कलेज काठमाडौंबाट पहिलो पटक क्षयरोग र भक्तपुर शाखाको अध्ययन गर्न इन्टर्नशीपको लागि सन्तबहादुर जिरेललाई पठाइयो । उहाँ छ महिना संस्थामा स्वयंसेवकको रुपमा अध्ययन पूरा गरी भक्तपुर शाखाको "क्षयरोग नियन्त्रण तथा नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखा" पहिलो शोध ग्रन्थको रुपमा तयार गरी संस्थालाई हस्तान्तरण गरेको थियो । त्यसबेलादेखि भक्तपुर शाखामा विद्यार्थीहरुलाई इन्टर्नशीप लागि बाटो खुल्ला भयो ।

भक्तपुर जिल्लाका विभिन्न क्षयरोग नियन्त्रण अभियान योगदान पुऱ्याउने विभिन्न व्यक्तित्व एवं संस्थाहरुलाई सम्मान गर्ने उद्देश्यले मध्यपुर थिमि वडा नं. ४ इनाय टोल निवासी बाबुकाजी श्रेष्ठ र श्रीमती प्रभाकेशरी श्रेष्ठको रू. ५०१११।- (अक्षरेपी पचास हजार एक सय एघार) "क्षयरोग नियन्त्रण अभियान पुरस्कार" स्थापना गरियो र सोही कोषमा पूर्व उद्योग मन्त्री तथा भक्तपुर क्षेत्र नं. २ का सांसद् माननीय महेश बस्नेतले रू. ५०१११।- (अक्षरेपी पचास हजार एक सय एघार) थप गरी रू. १००२२२।- (अक्षरेपी एक लाख दुई हजार बाईस)को कोष स्थापना गरिएको थियो । उक्त पुरस्कारको "क्षयरोग नियन्त्रण अभियान

पुरस्कार-२०७२” भनेर नियमावली नै बनाई कार्यान्वयनमा ल्याइसकेको छ ।

बि.सं. २०७२ साल बैशाख १२, १३ र २९ गते आएको विनाशकारी महाभूकम्पको अवस्थामा पनि संस्थाले नियमित औषधी सेवन गर्नुपर्ने विरामीहरुलाई औषधी खवाउन घर, विभिन्न अस्थायी टहराहरु गई सेवा प्रदान गरेको थियो । उक्त सेवामा संस्थाका सचिव राम सिख्व:, सदस्य राजेश्वरी शिल्पकार र कार्यालय सचिव हिरण्यप्रताप सांगामीले सहयोग गर्नु भएको थियो । भूकम्प पश्चात क्षयरोगी विरामी र विरामीका परिवारहरुमा डर, त्रास र नैराश्यता पैदा होला भनेर संस्थाले विभिन्न अस्थायी टहरा र शिविरहरुमा गई मनोपरामर्श कार्यक्रम संचालन गरेको थियो । शिविरहरुमा बसिरहेको जनसमुदायहरुमा जनचेतना जगाउन साहित्य अनुराग समाजका कलाकारहरुको सहयोगमा सडक नाटक प्रदर्शन गरेको थियो ।

बि.सं. २०७३ सालमा भक्तपुर जिल्लामा समुदायस्तरबाटै क्षयरोग नियन्त्रण गर्न संस्थाका सचिव राम सिख्व: र स्वयम्सेविका टीना शिल्पकारले भक्तपुर सल्लाघारीदेखि सांगासम्म र कमल विनायकदेखी खरिपाटीसम्म विभिन्न रेष्टुरेन्ट, रिसोर्ट, गेष्ट हाउसहरुमा काम गर्ने मजदुर एवं कर्मचारीहरुलाई क्षयरोग र एचआईभी/एड्स सम्बन्धी मनोपरामर्श कार्यक्रम गरिएको थियो ।

विनासकारी भूकम्पले संस्थाको भवनमा पनि क्षति पुऱ्याइयो । भवनको केही भाग चर्किएको छ भने माथिल्लो छाना भत्कियो । भवनलाई मर्मत गर्ने र कौसीलाई छोप्न कार्यसमितिमा छलफल गरी मर्मत गर्ने निर्णय गरियो । सोही निर्णय अनुसार कार्यसमितिका सदस्यहरुको आर्थिक सहयोगमा छानालाई भत्काई माथिल्ला तल्लामा ट्रस निर्माण गर्ने कार्य सम्पन्न गरियो । हाल उक्त ठाउँमा ल्याव संचालन भइरहेको छ ।

क्षयरोग नियन्त्रण अभियानमा पुऱ्याएका सेवाहरु :

१) संस्थालाई विकास गर्न अक्षयकोष बृद्धि गरिएको ।

२) क्षयरोग नियन्त्रण अभियानलाई प्राथमिकतामा राखी भक्तपुर जिल्लालाई क्षयरोग मुक्त जिल्ला बनाउने योजनाको शुरुवात गरिएको ।

३) नेपाल सरकार, राष्ट्रिय क्षयरोग केन्द्रबाट बार्षिक परियोजना ल्याउन सफल ।

४) जिल्ला विकास समिति भक्तपुर तथा नगरपालिकाहरुमार्फत वार्षिक परियोजना ल्याउन सफल ।

५) नेपालको विभिन्न दुर्गम जिल्लाहरुमा गई क्षयरोग तथा अन्य रोग सम्बन्धी बृहत नि:शुल्क स्वास्थ्य शिविर संचालनमा निरन्तरता ।

६) बि.सं. २०७२ बैशाख १२, १३ र २९ गते गएको विनाशकारी महाभूकम्पको बेला

भूकम्प पीडितहरुलाई राहत वितरण तथा घरदैलोमा गई क्षयरोगको औषधी वितरण ।

७) लुकेर रहेका क्षयरोगी विरामी पत्ता लगाउन नि:शुल्क खकार शिविरमा निरन्तर सहयोग गरिरहेका र क्षयरोगी विरामीहरु पत्ता लगाउन सफल ।

८) मासिक रुममा क्षयरोगी विरामीहरुलाई स्वास्थ्य परीक्षण शुरुवात ।

९) "क्षयरोग नियन्त्रण अभियान पुरस्कार" स्थापना ।

१०) संस्थाको भवनलाई व्यवस्थित गर्न ट्रस निर्माण ।

११) जिल्ला शाखा अन्तर्गत पहिलो पटक महिला स्वयंसेविका समूह गठन ।

१२) अन्र्तशाखा अवलोकन भ्रमण गर्ने कार्यक्रमको शुरुवात ।

१३) क्षयरोग नियन्त्रण अभियानका क्रियाकलापहरुलाई परिमार्जनका साथ अघि बढाएको ।

१४) संस्थाबाट "स्वर्णिम जीवन" त्रैमासिक पत्रिका प्रकाशन शुरु गरेको ।

क्षयरोग (TB)को उपचारः

क्षयरोग एउटा सुक्ष्म किटाणु अर्थात माइक्रोबाक्टिरियम ट्यूबरक्लोसिस नामक किटाणुका कारण एक व्यक्तिबाट अर्को व्यक्तिमा हावाको माध्यमबाट सर्ने सरुवा रोग हो । विगतमा यसलाई सुकेनास, राजयक्ष्मा, खप्ते आदि जस्ता विभिन्न नामले चिनिएतापनि पहिला पहिला यो रोग लागेपछि निको नहुने भएकाले त्यसवेलाका गाउँ निकाला गर्ने चलन थियो । वैद्धिक शास्त्रमा समेत उल्लेख भएको यस रोगलाई रोक्न सन् १८८२ मार्च २४ का दिन जर्मनका वैज्ञानिक डा. रवर्ट कक्ले क्षयरोगको किटाणु पत्ता लगाइसकेपछि रोग निको हुने औषधीहरुको उत्पादन हुँदै गयो र आज संसारभर क्षयरोगबाट आतिनुपर्ने छैन, नियमित औषधी सेवन गरे निको हुन्छ भने सन्देश विश्वव्यापी रुपमा फैलिँदै गयो । नेपालमा बि.सं. २०१० सालमा नेपाल क्षयरोग निवारण संस्था स्थापना भइसकेपछि संस्थाको मुख्य उद्देश्य नै नेपालमा क्षयरोग न्यूनिकरण गर्ने र क्षयरोगी विरामीहरुलाई नियमित औषधी उपचार गर्ने कार्यमा निरन्तरता दिँदै आएको थियो । केन्द्रको मातहतमा रहेको जिल्ला शाखाहरुले पनि केन्द्रको नीति तथा कार्यक्रमलाई सफल बनाउन भक्तपुर शाखा पनि क्रियाशील रह्यो । नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरले भक्तपुर जिल्लामा क्षयरोग न्यूनिकरण र रोकथाम गर्ने मुख्य उद्देश्य लिई तल उल्लेखित तिन वटा विधिको आधारमा संस्था अगाडि बढिरहेको छ ।

सन् २००२ मा नेपालमा पनि एचआईभी/एड्सको संक्रमण देखा परेपछि नेपाल सरकारले क्षयरोग र एचआईभी/एड्स नियन्त्रणमा सँगसँगै लानु पर्ने नीति अवलम्बलन

गरेपश्चात यस संस्थाले पनि हरेक क्षयरोगको कार्यक्रममा क्षयरोग र एचआईभी/एड्सलाई पनि सँगसँगै लिएर गइरहेको छ । एचआईभी/एड्स संक्रमित व्यक्तिहरुलाई छिटै क्षयरोग संक्रमण हुन सक्ने भएकाले क्षयरोगको साथसाथै एचआईभी/एड्स पनि नियन्त्रण गर्न जरुरी भएकाले संस्थाले दुवै रोगलाई नियन्त्रण गर्न अगाडि बढिरहेको अवस्था छ । क्षयरोग र एचआईभी/एड्सलाई नियन्त्रण गर्न संस्थाले मुख्यतया तिन वटा विधिलाई अनुसरण गरेको छ - १. उपचारात्मक २. प्रतिकारात्मक ३. प्रचारात्मक

१. **उपचारात्मक विधि :**

समुदायमा फैलिदै गएका क्षयरोगी विरामीहरु पत्ता लगाई आफ्नै भवनमा औषधी उपचार गर्ने र नियमित औषधी उपचार गरी निको पार्न क्लिनिक समेत संचालन गरी सेवा प्रदान गरिरहेको छ । त्यति मात्र होइन क्षयरोग विरामीले नियमित औषधी खानु पर्नेमा औषधी खान छुट्छ भनेर संस्थाले घरघरमा मोनिटरिङ्ग गर्न कमचारीको व्यवस्था गरिएको थियो । त्यसवेला संस्थाले न्हुछेकुमार त्वाय्ना र हिरण्यप्रताप सांगामी कर्मचारीको रुपमा नियुक्त गरेको थियो ।

२. **प्रतिकारात्मक विधि :**

संस्थाले उपचारात्मक विधिको साथसाथै प्रतिकारात्मक विधिलाई पनि अँगाली अगाडि बढेको थियो । समुदायमा क्षयरोग सम्बन्धी जनतेचना फैलाउन र क्षयरोगबाट सतर्क रहन समुदायमा आधारित कार्यक्रम र विद्यालय/कलेजमा आधारित कार्यक्रमलाई व्यापक बनाएर अगाडि बढाएको थियो । प्रतिकारात्मक विधि अन्तर्गत रहेर जनसमुदायलाई सुसचित गराउन जनचेतनामूलक अभिमुखीकरण, गोष्ठी, सेमिनार, तालिम, प्रौढ शिक्षा, प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गरी क्षयरोग नियन्त्रणका गतिविधिहरु गरिरहेका छन् ।

३. **प्रचारात्मक विधिः**

संस्थाले समुदायलाई सुसचित र जानकारी गराउनका लागि समुदायस्तर र विद्यालय/कलेजस्तरमा विभिन्न प्रतियोगितात्मक क्रियाकलापहरु गरी अगाडि बढिरहेको छ भने समुदायमा जनचेतना अभिबृद्धिका लागि स्मारिका प्रकाशन, बुलेटिन प्रकाशन, पर्चा, पम्पलेट, ब्रसर, क्यालेण्डर, स्वर्णिम त्रैमासिक पत्रिका, स्टीकर प्रकाशन गरी क्षयरोग सम्बन्धी प्रचारप्रसारका गतिविधिहरु संचालन गरिरहेका छन् ।

संस्थाको उद्देश्य :

नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरको मुख्य उद्देश्य भन्नुनै भक्तपुर जिल्लामा क्षयरोग तथा एचआईभी/एड्स न्यूनिकरण तथा रोकथाम गर्नु हो । नेपाल सरकारको नीति तथा कार्यक्रमलाई पूर्ण रुपमा सफल बनाउन सक्रिय रुपमा सहयोग गर्ने उद्देश्य रहेको छ ।

संस्थाको दूरदर्शि :

नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरले जिल्लामा कुनै पनि व्यक्तिलाई क्षयरोगका कारण मृत्यु हुन नदिने अनुपम दूरदृष्टि राखेको छ ।

संस्थाको लक्ष्य :

राष्ट्रिय मापदण्ड अनुसार सन् २०५० भित्रमा क्षयरोग मुक्त समाज निर्माण गर्ने ।

भक्तपुरमा क्षयरोग निवारण संस्थाको महत्वपूर्ण गतिविधिहरु :

- बि.सं. २०३६ श्रावण १५ गते संस्था स्थापना ।
- बि.सं. २०३७ सालमा भक्तपुर अस्पतालमा संस्थाकै अगुवाईमा औषधी खुवाउने सेवा शुरु ।
- बि.सं. २०३९ मा दधिकोटमा वडा अध्यक्षहरुलाई स्वयंसेवक राखेर क्षयरोग नियन्त्रण कार्यक्रम संचालन ।
- बि.सं. २०४० सालमा दधिकोट गा.वि.स.मा पाइलट प्रोजेक्ट शुरु ।
- बि.सं. २०४१ सालमा ४ जना होम भिजिटरको व्यवस्था ।
- बि.सं. २०४१ सालमा लाय्कू, भक्तपुर जिविस परिसरको दक्षिणतर्फको सार्वजनिक जग्गामा संस्थाको एक तले भवन निर्माण ।
- बि.सं. २०४२ सालमा संस्थाले कर्मचारीको व्यवस्था । जसमा न्हुछेकुमार त्वाय्ना र हिरण्यप्रताप सांगामी ।
- बि.सं. २०४४ सालमा आफ्नै भवनबाट औषधी खुवाउने सेवा शुरु ।
- बि.सं. २०४८ सालमा ग्रामिण भेगमा प्रौढ शिक्षा कक्षा संचालन ।
- बि.सं. २०४९ सालमा संस्थाको दोश्रो तल्ला भवनको निर्माण ।
- बि.सं. २०५३ सालमा डट्स क्लिनिक व्यवस्थापन भक्तपुर डट्स सहयोग समिति गठन । सो समितिमा संस्थाले संयोजकत्व ग्रहण ।
- बि.सं. २०५३ सालमा भक्तपुरमा पहिलो पटक डट्स कार्यक्रम लागू । बिहानी

सेवामा होम भिजिटर हिरण्यप्रताप सांगामीलाई स्वास्थ्यकर्मीको रुपमा व्यवस्था ।

- बि.सं. २०५४ सालमा साइतामा अक्षयकोषको स्थापना ।
- बि.सं. २०६६ सालदेखि डट्स क्लिनिकलाई आजसम्म निरन्तरता ।
- बि.सं. २०७१ मा भक्तपुर नगरपालिका र मध्यपुर थिमि नगरपालिकामा महिला स्वयंसेविका कमिटी गठन ।
- बि.सं. २०७२ मा महिनाको एक पटक क्षयरोगी विरामीहरुको नि:शुल्क स्वास्थ्य परीक्षण शुरु ।
- बि.सं. २०७२ मा क्षयरोग नियन्त्रण अभियान पुरस्कारको स्थापना ।
- राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रसँग "क्षयरोग नियन्त्रण कार्यक्रम"को साझेदारीमा निरन्तरता ।

संस्थाले मनाउने मुख्य दिनहरूः

- संस्थाको स्थापना दिवस - साउन १५ गते
- राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस - मंसिर १३ गते
- साधारणसभा तथा अधिवेशन - प्रत्येक वर्ष पुसभित्र
- विश्व क्षयरोग दिवस - मार्च २४ तारिख

क्षयरोग निवारण संस्थाको आर्थिक स्थिति

संस्थाको आर्थिक स्थिति भनेको सर्वप्रथम संस्थाको आजिवन तथा साधारण सदस्य शुल्क रहेको छ । कार्यक्रम संचालन गर्नको लागि नेपाल सरकारको सम्बन्धित निकाय, विभिन्न संघसंस्था र सहकारी संस्था एवं समाजसेवीहरुको आर्थिक सहयोग, संस्थाको विभिन्न क्रियाकलाप अर्थात स्मारिका प्रकाशन, बुलेटिन, क्यालेण्डर तथा त्रैमासिक पत्रिका प्रकाशनको विज्ञापनबाट आम्दानी मूख्य रहेको छ । त्यसैगरी संस्थाको आर्थिक सब्लीकर ण को लागि भक्तपुर का समाजसेवी एवं शाखाको आजीवन सदस्य गोपीकृष्ण प्रजापतिले रू. ५००००।- सहयोग प्राप्त भएको सोही रकमलाई संस्थाको पहिलो अक्षयकोष स्थापना भएको थियो । पछि केन्द्रबाट साइतमा अक्षयकोष स्थापना गर्न रू. ७५०००।- आफ्नो बैंक खाता जम्मा भएको देखायो भने केन्द्रबाट २ लाख ५० हजार संस्थाको खातामा राख्ने कुरा आएपछि तात्कालिन सभापति तुईलाल श्रेष्ठले साथीभाईहरुसँग सापती लिई संस्थाको खातामा ७५ हजार जम्मा गरिसकेपछि केन्द्रले रू. २ लाख ५० हजार जम्मा गरिएको थियो । सोही कोषलाई आजसम्म पनि संस्थाले साइतमा कोषको रुपमा राखिएको छ । उक्त साइतमा कोषको रू. ३ लाख २५ हजारको अक्षयकोषको व्याज ले कार्यक्रमहरु गर्दै आइरहेको छ । संस्थाको कोषमा क्षयरोग नियन्त्रण अभियान पुरस्कार कोष रू. १ लाख २ सय २२ रहेको छ । त्यसैगरी आजीवन सदस्य शुल्कलाई पनि अक्षयकोषको रुपमा व्यवस्था गरिएको थियो । साथै राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरको सहकार्य, नगर पालिकाहरुको सहयोग, विभिन्न निकायहरुबाट प्राप्त आर्थिक तथा भौतिक सहयोगबाट संस्थाको करिब १५ लाखसम्म अक्षयकोष जम्मा गर्न सफल भएको देखिन्छ । उक्त कोषको व्याजबाट संस्थाको कार्य संचालन र गतिविधिहरु अगाडि बढिरहेको छ ।

संघ-संस्थाहरुसँगको सहकार्य

भक्तपुर जिल्लामा क्षयरोग नियन्त्रणका गतिविधि संचालन गर्न संस्था एक्लैले मात्र संभव नहुने भएकोले समुदाय, विद्यालय, विभिन्न संघसंस्थाहरु, सहकारी संस्थाहरु, स्थानीय निकायहरुसँगको सहकार्यमा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । संस्थाको निम्न संघसंस्थाहरुसँग सहकार्य हुँदै आएको छ ।

सरकारी तथा स्थानीय निकायहरुः

राष्ट्रिय क्षयरोग केन्द्र, मध्यपुर थिमि, भक्तपुर
जिल्ला विकास समिति, भक्तपुर
जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर
भक्तपुर नगरपालिका, भक्तपुर
मध्यपुर थिमि नगरपालिका, मध्यपुर थिमि, भक्तपुर
चाँगुनारायण नगरपालिका, भक्तपुर
सूर्यविनायक नगरपालिका, भक्तपुर
शसस्त्र प्रहरी गण, दुवाकोट, भक्तपुर
महानगरिय प्रहरी वृत्त, मध्यपुर थिमि, भक्तपुर
इन्द्रवती गाउँपालिका, नवलपुर
मेलम्ची नगरपालिका, मेलम्ची
केशरजंग ईश्वरपुर नगरपालिका, सर्लाही

संघसंस्थाहरु :

- नेपाल स्काउट, जिल्ला शाखा भक्तपुर
- बासुदेव प्रसाद जोशी स्मृति प्रतिष्ठान
- सिविआर, भक्तपुर, इन्द्रायणी
- केयर नेपाल, ललितपुर
- सगरमाथा समूह, मध्यपुर थिमि
- शिव शक्ति सेवा समाज, काठमाडौं
- साहित्य अनुरागी समाज नेपाल, काठमाडौं
- जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था (जन्त्र)
- स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्च (हर्ड)
- उपत्यका यातायात व्यवसायी तथा ब्रम्हायणी बसपार्क सुधार समिति

- कमलविनायक योग समिति, भक्तपुर
- मनोक्रान्ति योग समिति, भक्तपुर, महेश्वरी बैंक्वेट
- एकल महिला समूह, भक्तपुर
- अन्तर जातिय महिला सञ्जाल, भक्तपुर
- भक्तपुर नेत्रहीन संघ, भक्तपुर
- भक्तपुर बहिरा संघ, भक्तपुर
- बौद्धिक अपाङ्गता संघ, भक्तपुर
- नगदेश बौद्ध समूह, नगदेश, भक्तपुर
- समानताको लागि आवाज, भक्तपुर
- सामुदायिक स्वास्थ्य केन्द्र, सूर्यविनायक, भक्तपुर
- डा. इवामुरा मेमोरियल अस्पताल, सल्लाघारी, भक्तपुर
- मुनि बिहार, इनाचो, भक्तपुर
- हर्ट एण्ड डायभिटिज, भक्तपुर
- खुड्किलो नेपाल, भक्तपुर
- यसस्वी युवा समाज नेपाल, भक्तपुर
- तारा मण्डल महिला शसक्तिकरण समाज, काठमाडौं
- भू.पू. शाही नेपाली चिकित्सक समाज, काठमाडौं
- दुर्गास्थली गाउँपालिका, चौधारी गुजि, वझाङ
- हेलम्बू स्वास्थ्य चौकी, हेलम्बू
- सामुदायिक विकास समाज (सोकोड) भक्तपुर
- महाँकाली भजन, महाकाली पीठ, भक्तपुर
- चितलाङ्ग स्वास्थ्य चौकी, मकवानपुर
- नेपाल रेडक्रस सोसाइटी मध्यपुर थिमि उपशाखा
- नेपाल रेडक्रस सोसाइटी सिन्धुपाल्चोक शाखा

विद्यालय तथा कलेजहरुसँग सहकार्य :

- श्रीपद्म उच्च माध्यमिक विद्यालय, भक्तपुर
- शान्ति निकेतन माध्यमिक विद्यालय, भक्तपुर
- कन्या सहशिक्षा माध्यमिक विद्यालय, भक्तपुर
- अरनिको माध्यमिक विद्यालय, दधिकोट
- गणेश माध्यमिक विद्यालय, नगदेश
- वागिश्वरी उच्च माध्यमिक विद्यालय, च्याम्हसिंह, भक्तपुर
- शारदा उच्च माध्यमिक विद्यालय, भक्तपुर

- विद्यार्थी निकेतन उच्च माध्यमिक विद्यालय, भक्तपुर
- मनकामना माध्यमिक विद्यालय, कमलविनायक, भक्तपुर
- सरस्वती उच्च माध्यमिक विद्यालय, थकलमाथ, भक्तपुर
- गणेश माध्यमिक विद्यालय, ताथली, भक्तपुर
- गणेश माध्यमिक विद्यालय, सिपाडोल, भक्तपुर
- ग्लिटर इङ्गलिस सेकेण्डरी स्कुल, भक्तपुर
- कालिका इङ्गलिस सेकेण्डरी स्कुल, भक्तपुर
- सूर्योदय इङ्गलिस सेकेण्डरी स्कुल, भक्तपुर
- सरस्वती माध्यमिक विद्यालय, थाकलमाथ, भक्तपुर
- भारती प्राथमिक विद्यालय, लाकुलाछि, भक्तपुर
- आदर्श माध्यमिक विद्यालय, लाय्कू, थिमि
- बासु माध्यमिक विद्यालय, भक्तपुर
- स्वास्थानी माध्यमिक विद्यालय, मादनकुडारी, काभ्रे
- महेन्द्र शान्ति माध्यमिक विद्यालय, बालकोट, भक्तपुर
- महेन्द्रग्राम माध्यमिक विद्यालय, सुडाल, भक्तपुर
- सरस्वती माध्यमिक विद्यालय, कांक्राबारी, भक्तपुर
- अक्सफोर्ड इङ्गलिस सकेण्डरी स्कूल, सल्लाघारी, भक्तपुर
- राम निम्न माध्यमिक विद्यालय, नंखेल, भक्तपुर
- भुवनेश्वरी निम्न माध्यमिक विद्यालय, नंखेल, भक्तपुर
- जागृती माध्यमिक विद्यालय, खौमा, भक्तपुर
- गणेश माध्यमिक विद्यालय, भार्वाचो, भक्तपुर
- गणेश माध्यमिक विद्यालय, छालिङ्ग, भक्तपुर
- दत्तात्रय निम्न माध्यमिक विद्यालय, तचपाल, भक्तपुर
- समाज सुधार माध्यमिक विद्यालय, तौलाछेँ, भक्तपुर
- हिमालयन इङ्गलिस स्कुल, देकोचा, भक्तपुर
- नौलोज्योति अंग्रेजी माध्यमिक विद्यालय, मध्यपुर थिमि
- सिरुटार माध्यमिक विद्यालय, सिरुटार, भक्तपुर
- नवरत्न इङ्गलिस सेकेण्डरी स्कुल, मध्यपुर थिमि
- बोडे माध्यमिक विद्यालय, बोडे, मध्यपुर थिमि
- मानव विद्या गृह, सिद्धिकाली, मध्यपुर थिमि
- बालप्रेमी माध्यमिक विद्यालय, सुँगा, मध्यपुर थिमि
- जोरपाटी माध्यमिक विद्यालय, खरिपाटी, भक्तपुर
- खरिपाटी माध्यमिक विद्यालय, खरिपाटी, भक्तपुर

- चाँगुनारायण माध्यमिक विद्यालय, चाँगुनारायण, भक्तपुर
- श्रीकृष्ण आधारभूत विद्यालय, चाँगुनारायण, भक्तपुर
- डोलागिरी माध्यमिक विद्यालय, चाँगुनारायण, भक्तपुर
- ज्ञान विजय निम्न माध्यमिक विद्यालय, दुधपाटी, भक्तपुर
- हँसबाहिणी प्राथमिक विद्यालय, थालाछेँ, भक्तपुर
- निलबाराही प्राथमिक विद्यालय, तिगनी, बोडे, भक्तपुर

सहकारी संस्थासँग सहकार्य :

- नारी बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर
- बाराही बचत तथा ऋण सहकारी संस्था लि., सूर्यविनायक, भक्तपुर
- शुभकामना बचत तथा ऋण सहकारी संस्था लि., नासमना, भक्तपुर
- कल्याण बचत तथा ऋण सहकारी संस्था लि., तौलाछेँ, भक्तपुर
- भाषासेवी माष्टर जगतसुन्दर बचत तथा ऋण सहकारी संस्था लि. खौमा, भक्तपुर
- शंखधर बचत तथा ऋण सहकारी संस्था लि. शंखधर चोक, मध्यपुर थिमि
- छहारी बचत तथा ऋण सहकारी संस्था लि., गाम्चा, दधिकोट
- न्हूगु झीगु बचत तथा ऋण सहकारी संस्था लि, तचपाल, भक्तपुर
- प्रिज्म बचत तथा ऋण सहकारी संस्था लि., बालकुमारी, मध्यपुर थिमि
- धिस्सिलागु बचत तथा ऋण सहकारी संस्था लि., तचपाल, भक्तपुर
- मध्यपुर थिमि बचत तथा ऋण सहकारी संस्था लि., मध्यपुर थिमि

उपचारमा रहेका विरामी र विरामी परिवारलाई अभिमुखीकरण एवं पोषण वितरण कार्यमा सहकार्य :

- जिल्ला जनस्वास्थ्य कार्यालय, कटुञ्जे, भक्तपुर
- थिमि हेल्थ पोष्ट
- बालकुमारी हेल्थ पोष्ट
- चपाचो हेल्थ पोष्ट
- बोडे हेल्थ पोष्ट
- नगदेश हेल्थ पोष्ट
- लोहन्थली हेल्थ पोष्ट
- ताथली हेल्थ पोष्ट
- कटुञ्जे हेल्थ पोष्ठ
- नंखेल हेल्थ पोष्ट
- शहरी स्वास्थ्य केन्द्र, व्यासी, भक्तपुर

क्षयरोग संस्थाद्वारा संचालित कार्यक्रमहरू

- घरदैलो कार्यक्रम
- गलैंचा मजदूरहरुलाई गोष्ठी
- ईट्टा भट्टाका मजदूरहरुलाई गोष्ठी
- औषधी व्यवसायीहरुलाई अभिमुखीकरण
- भजन खल:का भक्तजनहरुलाई अभिमुखीकरण
- विहारका भन्ते तथा गुरुमांहरुलाई अभिमुखीकरण
- होटल तथा रेष्टुरेण्टमा काम गर्ने बेटरहरुलाई अभिमुखीकरण कार्यक्रम
- महानगरीय प्रहरीहरुलाई अभिमुखीकरण
- सशस्त्र प्रहरी गणका प्रहरीहरुलाई अभिमुखीकरण कार्यक्रम
- शिक्षक गोष्ठी
- प्रौढ शिक्षा गोष्ठी
- प्रौढ कक्षा संचालन
- क्षयरोगी विरामीहरुलाई पोषण वितरण
- क्षयरोगी विरामीहरुको परिवारलाई अभिमुखीकरण
- स्काउटका विद्यार्थीहरुलाई अभिमुखीकरण
- ग्रामीण महिलाहरुको गोष्ठी
- सहकारी संघसंस्थाका प्रतिनिधिहरुलाई अभिमुखीकरण
- सुस्त श्रवण शक्ति भएकाहरुलाई अभिमुखीकरण
- लागू पदार्थ दुर्व्यसनीका व्यक्तिहरुलाई अभिमुखीकरण
- बहिराहरुको अभिमुखीकरण
- तेस्रो लिङ्गीहरुलाई अभिमुखीकरण
- दृष्टिविहीनहरुलाई अभिमुखीकरण
- बौद्धिक अपाङ्गताहरुलाई अभिमुखीकरण
- सहकारी संस्थाका महिलाहरुलाई अभिमुखीकरण
- अभिभावक गोष्ठी
- अन्तर सम्वाद
- राहत वितरण

- स्थापना दिवस
- भूकम्प पीडितहरुको अस्थायी शिविरमा क्षयरोग सम्बन्धी मनोपरामर्श कार्यक्रम
- क्षयरोग सम्बन्धी डकुमेन्ट्री प्रदर्शन
- यातायात व्यावसायीहरुलाई अभिमूखीकरण कार्यक्रम
- खकार संकलन तथा मनोपरामर्श
- नि:शुल्क खकार शिविर
- दृष्टिबिहीनहरुलाई अभिमूखीकरण कार्यक्रम
- राजनीतिक दलका महिलाहरुको गोष्ठी
- घ्योमा तथा वैद्य बाहरुलाई अभिमूखीकरण कार्यक्रम
- पत्रकारहरुलाई गोष्ठी
- डट्स क्लिनिकका स्वास्थ्यकर्मीहरुको गोष्ठी
- साहित्य गोष्ठी
- क्षयरोगी विरामीहरुको भेटघाट कार्यक्रम
- फोटो प्रदर्शन
- शैक्षिक सामग्री प्रदर्शन
- पोषण वितरण कार्यक्रम
- फलफूल वितरण कार्यक्रम
- राहत वितरण कार्यक्रम
- मासिक स्वास्थ्य परीक्षण कार्यक्रम
- विरामी भेटघाट तथा परामर्श कार्यक्रम
- विरामीका अभिभावक परामर्श कार्यक्रम
- राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस
- पत्रकारहरुको गोष्ठी
- क्षयरोग सम्बन्धी साहित्य गोष्ठी
- सडक नाटक प्रदर्शन
- जनसञ्चार एफएमबाट सूचना प्रसारण
- भक्तपुर एफएमबाट सूचना प्रसारण
- नेतृत्व विकास तालिम
- उद्घोषण तालिम

- कपडाको फूल बनाउने तालिम
- कम्प्युटर तालिम
- हाजिरी जवाफ प्रतियोगिता
- निवन्ध प्रतियोगिता
- चित्रकला प्रतियोगिता
- चेतनमापन प्रतियोगिता
- दौड प्रतियोगिता
- रेडियो मष्ति एफएमबाट सूचना प्रसारण
- विश्व क्षयरोग दिवस
- बृहत निःशुल्क स्वास्थ्य शिविर

संस्थाबाट विभिन्न प्रकाशनहरू

- स्मारिका प्रकाशन
- बुलेटिन प्रकाशन
- पर्चा प्रकाशन
- व्याच प्रकाशन
- ब्रोसर प्रकाशन
- क्यालेण्डर प्रकाशन
- भित्ते बुलेटिन प्रकाशन
- हाम्रो प्रयास स्मारिका प्रकाशन
- हाम्रो प्रयास बुलेटिन प्रकाशन
- स्वर्णिम जीवन त्रैमासिक पत्रिका प्रकाशन
- स्टीकर प्रकाशन
- नोट डायरी प्रकाशन
- फ्लेक्स प्रकाशन
- पोष्टर प्रकाशन

संस्थाको उपलब्धीहरु

- संगठित रुपमा कार्य संचालन गर्नु ।
- सामुहिक छलफल र संस्थागत नेतृत्वको विकास हुनु ।
- क्षयरोग र एचआईभी/एड्स नियन्त्रण अभियानमा नयाँ नयाँ गतिविधिहरु कार्यान्वयन हुनु ।
- राष्ट्रिय मापदण्ड पूरा गर्न क्रमैसँग सिढी चढ्दै जानु ।
- कार्यक्रमलाई प्रभावकारी बनाउन सामुहिक भावनाको विकास हुनु ।
- सरकारी र गैर सरकारी संघसंस्थाहरु बीचको सम्बन्ध विकास हुँदै जानु ।
- समुदायमा संस्थाप्रतिको विश्वास बढ्दै जानु ।
- कर्मचारी र स्वयंसेविकाहरुमा क्षयरोग नियन्त्रणबारे अभिप्रेरित हुनु ।
- क्षयरोग र एचआईभी/एड्स सम्बन्धी समुदायमा व्यापक प्रचार प्रसार हुनु ।
- क्षयरोग र एचआईभी/एड्स न्यूनिकरणमा उपलब्धीमूलक सफलता हासिल गर्नु ।
- संस्थाको लक्ष्य अनुसार अक्षयकोष बृद्धि, पुरस्कार कोषको स्थापना हुनु ।
- सदस्यहरुको संख्या बृद्धि हुँदै जानु ।
- कार्य समिति सदस्यहरुको सहयोगमा ट्रस निर्माण कार्य सम्पन्न हुनु ।
- संस्थाको कार्यसमिति वैठक, नियमित साधारणसभालगायतका अन्य सभाहरु सफलतापूर्वक अधि बढ्नु ।
- एकआपसमा सद्भाव, सहयोगी भावना, एकता र क्रियाशीलता कायम राख्न सक्नु ।

भक्तपुरमा क्षयरोग र एचआईभी/एड्सको समस्याः

- सरुवा रोग सम्बन्धी स्वास्थ्य शिक्षाको कमी हुनु ।
- खुल्ला सिमाना र भौगोलिक विकटता हुनु ।
- बसाई सराईको क्रम बृद्धि हुँदै जानु ।
- सामाजिक प्रतिष्ठानको कारणले रोग लुकाएर राख्नु र खुल्न नचाहनु ।
- मनोरञ्जन एवं तनावका कारण मध्यपान र धुम्रपानको लतमा बृद्धि हुँदै जानु ।
- एचआईभी/एड्स र लागु पदार्थ दुर्व्यसनी नियन्त्रण हुन नसक्नु ।
- मधुमेह रोग बृद्धि हुँदै जानु ।

- औषधी सेवनको समय लामो भई विरामीले बिचैमा औषधी छाड्नु ।
- विरामी र परिवारले आ-आफ्नो कर्तव्य र दायित्वबोध गर्न नसक्नु ।
- डट्स विधि बारे अझै पनि नियमित रुपमा प्रभावकारी अनुगमन नहुनु ।
- निजी तथा संस्थागत स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहित गर्न नसक्नु ।
- निजी स्वास्थ्य संस्थामा उपचारमा रहेका विरामीहरुको अवस्था र तथ्यांक सम्बन्धित निकायमा नपुग्नु ।
- उपचारमा आउँदा विरामीले आफ्नो पहिलो उपचारबारे स्वास्थ्यकर्मीलाई अवगत नगराउँनु ।
- किशोर किशोरीहरुमा स्लिम् हुने चाहनाले आवश्यक पोषिलो खानपिन कम नगर्नु ।
- प्रभावकारी रुपमा प्रचार प्रसार नहुनु ।
- स्वास्थ्यकर्मीले विरामीहरुलाई आत्मीय रुपमा व्यवहार नगर्नु ।

भक्तपुरमा क्षयरोग र एचआईभी/एड्सको समाधानः

- प्रादेशिक रुपमा क्षयरोग र एचआईभी/एड्स उपचारको अस्पताल स्थापना हुनु पर्ने ।
- सरकारी र निजी अस्पतालहरुमा औषधी सेवनको मात्रा एकरुपता हुनु पर्ने ।
- हरेक स्वास्थ्य परिक्षणमा खकार जाँच र एचआईभी/एड्स जाँचको पहिलो प्राथमिकतामा राख्नु पर्ने ।
- डट्स सेन्टर र एचआईभी/एड्सको उपचार केन्द्रको दुरी कम हुनु पर्ने ।
- प्राथमिक स्तरदेखि उच्च शिक्षासम्मका विद्यालय वा कलेजहरुमा स्तर अनुसार क्षयरोग र एचआईभी/एड्स सम्बन्धी पाठ्यक्रममा समावेश गर्नुपर्ने ।
- औषधीको गुणस्तरीयतामा समयानुकुल परीक्षण हुनुपर्ने ।
- विरामीहरुको अवस्था अनुसार पोषणको व्यवस्था गर्नुपर्ने ।
- उपचारमा रहेका विरामीहरुलाई प्रत्येक महिना मनोपरामर्श कार्यक्रम संचालन गर्नु पर्ने ।
- क्षयरोग नियन्त्रणमा लागेका संघसंस्थाहरुसँग सहकार्य र समन्वय गरी अघि बढ्नु पर्ने ।

नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको महत्वपूर्ण भूमिका

- शंकास्पद क्षयरोगीको पहिचान गर्ने ।
- शंकास्पद क्षयरोगीलाई स्वास्थ्य संस्थामा पठाउने ।
- समुदायको प्रत्येक क्रियाकलापमा क्षयरोगलाई समाविष्ट गर्न प्रेरित गर्ने ।
- उपचारमा रहेका क्षयरोगी विरामीलाई नियमित औषधी सेवन गर्न प्रेरणा जगाउने र हरसमयमा सहयोग गर्ने ।
- समुदायमा क्षयरोगबारे जनचेतना फैलाउने ।
- राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने ।

विरामीसँगको हाम्रो दायित्व

- क्षयरोगका विरामीलाई सधैं राम्रो व्यवहार गर्ने ।
- क्षयरोगका विरामीलाई समयमै उपचारको दायराभित्र ल्याउने ।
- घर परिवार, छरछिमेक वा टोल बस्तीहरुमा क्षयरोगको बारेमा खुलेर कुरा गर्ने ।
- क्षयरोगका लक्षणको शंका लागेमा नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा जान सल्लाह दिने ।
- सरसफाईमा ध्यान दिन प्रेरित गर्ने ।
- जनचेतनामूलक तथा प्रचार प्रसार अभियानमा सहभागिता जनाउने ।

अव हामी के गर्ने ?

- समुदायमा लुकेर रहेका क्षयरोगी विरामी खोज्ने ।
- क्षयरोग विरामी पत्ता लगाई उपचारमा ल्याउने ।
- उपचाररत क्षयरोगी विरामीहरुलाई समयमै निको पार्ने
- DR र XDR क्षयरोग हुनबाट जोगाउने ।
- क्षयरोगविहीन समाज निर्माणमा एकजूट भएर लाग्ने ।

भक्तपुर जिल्ला एवं जिल्ला बाहिर संस्थाद्वारा संचालित लुकेर रहेको क्षयरोग खोज पत्ताल अभियानमा सहयोग गर्नु हुने स्वयंसेवकहरु :

१. डा. शोभा मारिखु श्रेष्ठ
२. डा. अनुपमा अमात्य
३. डा. आस्था चौधरी
४. डा. रोजिना श्रेष्ठ
५. डा. विवेक श्रेष्ठ
६. डा. रमेश सांद
७. डा. सुरोज सुवाल
८. स्वास्थ्यकर्मी सुन्दरलाल श्रेष्ठ
९. स्वास्थ्यकर्मी विश्वराम थापा
१०. स्वास्थ्यकर्मी दिनेश कक्षपति
११. स्वास्थ्यकर्मी राजेश्वरी शिल्पकार
१२. ल्यवटेक्निसियन लक्ष्मी त्यात
१३. ल्यवटेक्निसियन धनजय अर्याल
१४. स्वास्थ्यकर्मी सोमबहादुर पन्थ
१५. ल्यवटेक्निसियन लक्ष्मी शोभा राय
१६. ल्यवटेक्निसियन ईश्वरी कोजु
१७. ल्यावटेक्निसियन सुनिता धौबन्जार

नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखा

स्थापनाकालदेखि हालसम्मको कार्यसमिति र कार्यकाल

कार्यकाल:- २०३६-२०४०

संस्थापक सभापति:-	डा. तिर्थ राणा
उपसभापति:-	गणेशप्रसाद गिरी
सचिव:-	डा. त्रिभुवनप्रसाद राजभण्डारी
कोषाध्यक्ष:-	कृष्णगोपाल श्रेष्ठ
सहायक सचिव:-	धनमान श्रेष्ठ
सदस्यहरु:-	भैरव रिसाल
	नरेन्द्रभक्त हाडा
	गोपालकृष्ण श्रेष्ठ
	सिद्धिलक्ष्मी कारंजित
	सरस्वती वनेपाली
	टिकाबहादुर खड्का
	बाबुराजा जोशी
	डा. कृष्णबहादुर कर्माचार्य
चिकित्सक:-	डा. अशोकानन्द मिश्र
प्रतिनिधि सदस्य:-	जिल्ला जनस्वास्थ्य भक्तपुर
	जिल्ला पञ्चायत भक्तपुर

कार्यकाल:- २०४०-२०४४

सभापति: -	धनमान श्रेष्ठ
नि. सभापति:-	डा. तिर्थ राणा
उपसभापति:-	मदनकृष्ण श्रेष्ठ
सचिव:-	लक्ष्मणलाल कायस्थ
कोषाध्यक्ष:-	चैतन्यभक्त प्रधानाङ्ग
सहायक सचिव:-	सरस्वती वनेपाली
सदस्यहरु:-	कृष्णचरण श्रेष्ठ

	बाबुराजा जोशी
	कृष्णगोपाल श्रेष्ठ
	विष्णुराम खागी
	कैलाशभक्त प्रधानाङ्ग
	नरेन्द्रभक्त हाडा
	विष्णुप्रसाद लिवि
	डा. महेन्द्रबहादुर मल्ल
	राजेन्द्र श्रेष्ठ(राजु)
चिकित्सक:-	डा. कृष्णबहादुर कर्माचार्य
प्रतिनिधि सदस्य:-	जिल्ला जनस्वास्थ्य भक्तपुर
	जिल्ला पञ्चायत भक्तपुर

कार्यकाल:- २०४५-२०४९

सभापति: -	धनमान श्रेष्ठ
नि. सभापति:-	डा. तिर्थ राणा
उपसभापति:-	कृष्णचरण श्रेष्ठ
सचिव:-	लक्ष्मणलाल कायस्थ
कोषाध्यक्ष:-	उत्तमकुमार माक:जु
सहायक सचिव:-	गणेशराम लाछि
सदस्यहरु:-	कैलाशभक्त प्रधानाङ्ग
	नरेन्द्रभक्त हाडा
	राजेन्द्र श्रेष्ठ(राजु)
	विष्णुप्रसाद लिवि
	महेन्द्रलाल कायस्थ
	अर्जुनबहादुर थापा
चिकित्सक:-	डा. किरण मानन्धर
प्रतिनिधि सदस्य:-	जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर
	भक्तपुर नगरपालिका भक्तपुर

कार्यकाल:- २०४९-२०५२

सभापति: -	विष्णुप्रसाद लिवि
नि. सभापति:-	धनमान श्रेष्ठ
उपसभापति:-	तुईलाल श्रेष्ठ
सचिव:-	लक्ष्मणलाल कायस्थ
कोषाध्यक्ष:-	सरस्वती वनेपाली
सहायक सचिव:-	पुष्पलाल तिमिला
सदस्यहरु:-	महेन्द्रलाल कायस्थ
	पृथुचरण वैद्य
	कैलाश श्रेष्ठ
	मसिनु माक:जु
	उत्तमकुमार माक:जु
	बालमुकुन्द बासुकला
	विष्णुप्रसाद न्यौपाने
	कृष्णराम खत्री
	डा. रामभक्त कोजु
चिकित्सक:-	डा. दुर्गाप्रसाद मानन्धर
प्रतिनिधि सदस्य:-	जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर
	जिल्ला विकास समिति भक्तपुर

कार्यकाल:- २०५२-२०५६

सभापति: -	तुईलाल श्रेष्ठ
नि. सभापति:-	विष्णुप्रसाद लिवि
उपसभापति:-	महेन्द्रलाल कायस्थ
सचिव:-	पुष्पलाल तिमिला
कोषाध्यक्ष:-	मन्जुश्री धौभडेल
सहायक सचिव:-	किशोर महर्जन
सदस्यहरु:-	धनमान श्रेष्ठ
	कृष्णभक्त बोडे
	बालमुकुन्द बासुकला
	विष्णुप्रसाद न्हिसुतु

	राम सिख्वः
	रामभक्त कर्माचार्य
	नवराज गेलाल
	भानुभक्त राय
	ज्ञानदेव श्रेष्ठ
	कृष्णराम खत्री
	कृष्णभक्त बोडे
चिकित्सकः-	डा. कृष्णबहादुर कर्माचार्य
प्रतिनिधि सदस्यः-	जिल्ला जनस्वास्थ्य भक्तपुर
	जिल्ला विकास समिति भक्तपुर

कार्यकालः- २०५६-२०६०

सभापतिः -	बालमुकुन्द बासुकला
नि. सभापतिः-	तुईलाल श्रेष्ठ
उपसभापतिः-	किशोर महर्जन
सचिवः-	लक्ष्मीप्रसाद छुंकां
कोषाध्यक्षः-	धनबहादुर तको
सहायक सचिवः-	सुवासचन्द्र ढुङ्गेल
सदस्यहरुः-	महेन्द्रलाल कायस्थ
	कृष्णभक्त बोडे
	धनमान श्रेष्ठ
	राम सिख्वः
	सुरज प्रजापति
	ज्ञानदेव श्रेष्ठ
	कृष्णराम खत्री
	लक्ष्मीप्रसाद कुसी
चिकित्सकः-	डा. कृष्णबहादुर कर्माचार्य
प्रतिनिधि सदस्यः-	जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर
	जिल्ला विकास समिति भक्तपुर

कार्यकाल:- २०६१-२०६५

सभापति:- राम सिख्व:
नि. सभापति:- बालमुकुन्द बासुकला
उपसभापति:- विवेकमान कर्माचार्य
सचिव:- पुष्पलाल तिमिला
कोषाध्यक्ष:- बाबुकाजी श्रेष्ठ
सहायक सचिव:- बालकृष्ण श्रेष्ठ
सदस्यहरु:- कमलमैंया सुवाल
आसकुमार चिकंबन्जार
लक्ष्मीनारायण दुवाल
रोशनीमैंया सुवाल
अम्बिका न्याईंच्याईं
तुईलाल श्रेष्ठ
महेन्द्रलाल कायस्थ
महेन्द्रगोपाल कर्माचार्य
चिकित्सक:- डा. शैलेन्द्रवीर कर्माचार्य
प्रतिनिधि सदस्य:- जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर
जिल्ला विकास समिति भक्तपुर

कार्यकाल:- २०६५-२०६९

सभापति:- महेन्द्रलाल कायस्थ
उपसभापति:- पुष्पलाल तिमिला
सचिव:- बाबुकाजी श्रेष्ठ
कोषाध्यक्ष:- गोविन्दकृष्ण गोजा श्रेष्ठ
सहायक सचिव:- सविता हाडा
सदस्यहरु:- महेन्द्रगोपाल कर्माचार्य
विष्णुप्रसाद न्यौपाने
वल्देवभक्त कर्माचार्य
श्रीधर राठौर
सानु सुवाल
चण्डेश्वरी सुवाल
धनमान श्रेष्ठ

	सुवासचन्द्र ढुङ्गेल
	तुईलाल श्रेष्ठ
	बालकृष्ण श्रेष्ठ
पदेन सदस्यः-	राम सिख्वः
चिकित्सकः-	डा. बिनु श्रेष्ठ
प्रतिनिधि सदस्यः-	जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर
	जिल्ला विकास समिति भक्तपुर

कार्यकालः- २०६९-२०७३

सभापतिः-	बाबुकाजी श्रेष्ठ
निवर्तमान सभापतिः	महेन्द्रलाल कायस्थ
उपसभापतिः-	अनिलमान श्रेष्ठ
सचिवः-	राम सिख्वः
कोषाध्यक्षः-	प्रदिपरत्न शाक्य
सहायक सचिवः-	पूर्णकेशरी श्रेष्ठ
सदस्यहरु	श्रीधर राठौर
	अमनराज गोसाईं
	विष्णुप्रसाद न्हिसुतु
	भूप्रकाश जोशी
	लक्ष्मण सुजखु
	सोमबहादुर पन्थ
	सविता हाडा
	कृष्णभक्त बोडे
	चण्डेश्वरी सुवाल
	बालकृष्ण श्रेष्ठ
	चिकित्सकः डा. शोभा मारिखु श्रेष्ठ
प्रतिनिधि सदस्य	मुकुन्द रन्जित
	(जिल्ला विकास समिति, भक्तपुर)
	चन्द्रबहादुर श्रेष्ठ
	(जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर)

कार्यकाल:- २०७३-२०७७

सभापति:-	राम सिख्व:
निवर्तमान सभापति:-	बाबुकाजी श्रेष्ठ
उपसभापति:-	विष्णुप्रसाद न्हिसुतु
सचिव:-	राजेश्वरी शिल्पकार
कोषाध्यक्ष:-	गायत्रीकुमारी श्रेष्ठ
सहसचिव:-	लक्ष्मण सुजखु
सदस्यहरु:-	बालकृष्ण श्रेष्ठ
	सुमन श्रेष्ठ
	शर्मिला शिल्पकार
	कृष्णदेव श्रेष्ठ
	रत्नलाल साँद
	विजय कर्माचार्य
	रामसुन्दर बके
	जगतशेर गोसाई
	विश्वराम थापा
	रवि श्रेष्ठ
चिकित्सक:-	डा. रोजिना श्रेष्ठ
प्रतिनिधि सदस्य:-	जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर
	जिल्ला विकास समिति भक्तपुर

कार्यकाल:- २०७८-२०८०

सभापति:-	पुष्पलाल तिमिला
निवर्तमान सभापति:-	राम सिख्व:
उपसभापति:-	सुरेश प्रधान
सचिव:-	सुमन श्रेष्ठ
कोषाध्यक्ष:-	रत्नलाल साँद
सहसचिव:-	रत्नालक्ष्मी भैल:
सदस्यहरु:-	बालकृष्ण श्रेष्ठ
	महेन्द्रलाल कायस्थ
	राजेश्वरी शिल्पकार

	कृष्णदास कायस्थ
	सानु त्वायना
	विजय कर्माचार्य
	सोमबहादुर पन्थ
मनोनित सदस्य	तुईलाल श्रेष्ठ
	जगतशेर गोसाई
	हिरण्यप्रताप सांगामी
	चिकित्सक:- डा. सुरज धौभडेल
प्रतिनिधि सदस्य:-	जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर
	जिल्ला विकास समिति भक्तपुर

कार्यकाल:- २०८१-२०८३

सभापति:-	हिरण्यप्रताप सांगामी
उपसभापति:-	राजेश्वरी शिल्पकार
सचिव:-	विजय कर्माचार्य
कोषाध्यक्ष:-	कृष्णदास कायस्थ
सहसचिव:-	रत्नालक्ष्मी भैल:
सदस्यहरु:-	सुमन श्रेष्ठ
	सानु त्वायना
	मनोहरदास श्रेष्ठ
	बाबुकृष्ण रञ्जित
	मेनका भासिमा
	दिनेशचरण श्रेष्ठ
पदेन सदस्य:-	पुष्पलाल तिमिला
चिकित्सक:-	डा. श्रृष्टि धौभडेल

NATA को वर्तमान अवस्था

पृष्ठभूमी :

नेपाल क्षयरोग निवारण संस्था स्थापनाले भक्तपुरबासीहरुमा क्षयरोग न्यूनिकरण हुन गई स्वच्छ वातारणमा बाँच्ने आशा जगाएको थियो । समुदायको भावनालाई आत्मसात् गर्दै भयावह रुपमा फैलिने क्षयरोगलाई न्यूनिकरण गर्न संस्थाले औषधी उपचार देखि प्रतिकारात्मक, समुदायमा आधारित र विद्यालयमा आधारित कार्यक्रमहरु अघि बढाएको थियो । आफ्नै भवन नहुँदाको पीडाहरु झेल्दै सानो ठाउँबाट आफ्नो क्रियाकलापहरु गर्दै पछि भवन निर्माण पश्चात आफ्नै भवनबाट सम्पूर्ण सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

क्षयरोग न्यूनिकरण अभियानको सिलसिलामा विभिन्न कार्यक्रमहरु गर्दै समुदायलाई क्षयरोगका बारेमा पोष्टर, पर्चा, स्टीकर, व्याच, स्मारिका, बुलेटिन आदि मार्फत प्रचार प्रसार अभियान चलाउँदै, शैक्षिक जागरण ल्याउन पौढ शिक्षा कक्षा समेत संचालन गरेको थियो । विगतका अग्रजहरुले क्षयरोग नियन्त्रण अभियानका लागि आफ्नै भवनमा क्षयरोगको औषधी सेवन गराउने र उनीहरुलाई अभिमुखीकरण मार्फत सचेत गराउने सेवा सुचारु रुपमा गर्दै क्षयरोगी विरामीले औषधी नटुटाउन भनी होम भिजिटरको व्यवस्था गरी घरदैलो कार्यक्रम संचालन गरिएको थियो । स्थापनाकालदेखि नै विभिन्न चरणहरु पार गर्दै अहिलेको अवस्थामा पुग्न सफल भएको छ । यस संस्थाले समय सापेक्ष संस्थाको विकास गर्दै आठौं बसन्त पार गरिसकेको स्मरण गराउँन चाहन्छौं ।

१) संस्थाको विकास :

२०६९ पुस १४ गते यचु पार्टी भेन्यु मध्यपुर थिमिमा भएको आठौं जिल्ला अधिवेशनबाट नयाँ कार्यसमितिको चयन भएपछि अधिवेशनमा गरिएका प्रतिवद्धतालाई पूरा गर्ने लक्ष्यतर्फ ध्यान केन्द्रीत रहेको थियो । निर्वाचनपछिको पहिलो कार्यसमितिको वैठकले चार वर्षीय योजनाका साथ अगाडि बढ्ने प्रतिवद्धता जाहेर गर्दै समितिका सदस्यहरु क्रियाशील रहेका थिए । हरेक वैठकमा ठोस योजनासहित छलफल, बहस र सुझावका साथ कार्यक्रमहरुलाई निर्धारित समयमा सभ्य, भव्य अनि प्रभावकारी रुपमा सम्पन्न गरिएको थियो । संस्थालाई अझ मजबुद पार्न धनमान श्रेष्ठको संयोजकत्वमा ९ सदस्यीय सल्लाहकार समिति गठन गरी उहाँहरुबाट आएका सुझावहरु ग्रहण गर्दै विभिन्न उपसमितिहरु गठन, जुनियर नाटाको विस्तार गरी संस्थाको संगठनात्मक स्वरुपलाई मजबूद पारेका थियौं । क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन भक्तपुर र

मध्यपुर थिमिमा महिला स्वयंसेविका समूह गठन गरिएको थियो । संस्था विकासको लागि सदस्य संख्या बृद्धि गरेर संस्थाका सदस्यहरुलाई प्रशिक्षण, तालिमहरु दिएर आफ्नो दायित्वबोध गराउने प्रयास गरिएको थियो । नयाँ कुराहरुलाई एकआपसमा छलफल र सम्वाद मार्फत समस्याहरु समाधान गर्दै संस्था अघि बढिरहेको थियो । सौहार्द्रपूर्ण एवं क्रियाशील रुपमा अघि बढ्दै सदस्यहरु बीच सधैं प्रेमभाव, सहयात्री, सहज वातावरणमय रुपमा काम सम्पन्न भइरहेको थियो । प्रत्येक विषय वस्तुहरुमा विश्लेषणात्मक तवरले छलफल गरी निष्कर्ष निकाली कार्यक्रमहरु संचालन गर्दै आम जनतामा नेपाल क्षयरोग निवारण संस्था भक्तपुरले छुट्टै पहिचान बनाउन सफल भएको थियो ।

२) संचालन गरिएका क्रियाकलाप :

अहिले संस्थाले क्षयरोग नियन्त्रण अभियान क्रियाकलापलाई फराकिलो बनाएको छ । विगतमा समुदाय र विद्यालयहरुमा सीमित कार्यक्रमहरुलाई अहिले विभिन्न वर्ग आदिवासी जनजाति, महिला, पीछडिएका समुदाय, अशक्त अपाङ्गता, दृष्टिविहीन, सहकारी संस्था, एवं कलेज, अस्पताल, राजनीतिक दलहरु, वडाका सचिव तथा स्वयंमसेविकासम्म कार्यक्रम विस्तार भएको छ । अझ भन्नु पर्दा भक्तपुर जिल्ला मात्र नभई काभ्रे जिल्लालगायत विभिन्न जिल्लाहरुमा गई क्षयरोग नियन्त्रणका जनचेतनामूलक कार्यक्रमहरु आयोजना गरिएको थियो । क्षयरोग नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन अग्रज व्यक्तित्वहरुको सरसल्लाह र सदस्यहरुको सहयोगमा भक्तपुरमा क्षयरोग नियन्त्रण कार्यक्रम व्यापक बनाएको थियो जसबाट कुनै पनि व्यक्ति क्षयरोगका कारण मृत्यु नहुने जिल्लाको रुपमा भक्तपुर जिल्लालाई पहिचान गराउने कार्यमा यस संस्था निरन्तर लागि परेको छ ।

३) समुदायमा संस्थाको पहिचानः

नेपाल क्षयरोग निवारण संस्था भक्तपुर क्षयरोग नियन्त्रणकै लागि स्थापना भएकोले समुदाय आफ्नो पहिचान बनाउन सफल भएको छ । भक्तपुर जिल्लाका सबै समुदायहरुले नेपाल क्षयरोग निवारण संस्थाको परिचयदेखि क्षयरोगको बारेमा सचेतना एवं रोग नियन्त्रण र उपचार विधि राम्ररी जानकारी पाइसकेको अवस्था छ । संस्थाका व्यक्तिलाई कुनैपनि ठाउँमा जाँदा पनि क्षयरोग आयो भन्ने मुखैमा झुण्डिएको हुन्छ । अझ भन्नु पर्दा संस्थाका कार्यालय सचिव हिरण्यप्रताप सांगामीलाई “क्षयरोग दाइ” भनेर बोलाउने गरिन्छ । संस्थाको पहिचान र क्रियाकलापहरु गाउँघर, शहरबजार, नगरहरुमा पनि प्रचार प्रसार व्यापक भइसकेको छ । संस्था क्षयरोग न्यूनिकरणका लागि काम गर्छ भने भावना आम जनमानसमा जागृत भइसकेको छ ।

४) सहकार्यः

समुदायमा क्षयरोग फैलिन नदिन, लुकेका क्षयरोगी विरामीहरु उपचारको दायरा भित्र ल्याई उपचार गरी निको पार्नको लागि विभिन्न समुदाय, संघसंस्था, सहकारी संस्था, स्थानीय निकायहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस संस्थाले भक्तपुरमा क्षयरोग नियन्त्रण अभियानलाई सफलताको शिखरमा पुऱ्याउन सहकार्यको अवधारणालाई आत्मसाथ गरी विभिन्न समुदाय, संघसंस्था, सहकारी संस्था, स्थानीय निकायहरुसँग सहकार्य गरी विभिन्न सृजनात्मक कार्यक्रमहरु गर्न सफल भएको थियो । उक्त समयमा जिल्ला विकास समिति भक्तपुरको "क्षयरोग नियन्त्रण अभियान साझेदारी कार्यक्रम" अन्तर्गत सहकार्य गरी साझेदारी कार्यक्रमलाई अघि बढाएको थियो । जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरको सहकार्यमा पनि विभिन्न कार्यक्रमहरु संचालन गरिएकोग थियो । त्यसैगरी मध्यपुर थिमि नगरपालिकाले पनि क्षयरोग नियन्त्रणमा जनचेतनामूलक अभिमुखीकरण कार्यक्रमको शुरुवात गरेको थियो । खकार संकलन तथा परीक्षणमा स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्चसँग पनि सहकार्य गरेको थियो । "लुकेका क्षयरोगी विरामीहरु पत्ता लगाई, उपचार गरी निको पारौं" भन्ने नाराका साथ जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था (जन्त्र)को सहकार्यमा क्षयरोगी विरामीको खोजी गर्न खकार शिविर मार्फत क्षयरोगी विरामी पत्ता लगाउने कार्य भएको थियो । विभिन्न ठाउँहरुमा गरिएको निःशुल्क खकार शिविरले नयाँ क्षयरोगी पत्ता लगाई उपचारमा ल्याउन पनि सफल भएको थियो ।

५) भक्तपुरमा क्षयरोग न्यूनिकरणमा उपलब्धीः

संस्थाले अबलम्बन गरेका दायित्व मध्ये क्षयरोग न्यूनिकरण नै हो । संस्थाले क्षयरोग न्यूनिकरण गर्न विभिन्न समयमा निःशुल्क खकार शिविरहरु संचालन गरेर क्षयरोगी विरामी पत्ता लगाई उपचारको दायरामा ल्याई निको पार्नु पनि ठूलो उपलब्धी मान्नु पर्छ । संस्थाद्वारा संचालित नाटा डट्स क्लिनिकको तथ्यांक अनुसार हेर्ने हो भने अहिले सम्म क्षयरोगी विरामी शत्प्रतिशत नै निको भएका छन् । नाटा डट्स क्लिनिकमा अहिलेसम्म एक जना विरामी पनि हराएको रेकर्ड छैन भने डिफल्डर केश पनि आएको छैन । जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्यांकका आधारमा प्रत्येक वर्ष क्षयरोगी विरामी थपघट हुने क्रम जारी छ । त्यसको बाबजुद पनि विरामी निको हुने दरमा ९० प्रतिशत कायम राख्न सफल भएका छन् । क्षयरोगी विरामी पत्ता लगाउने दरमा ४३ प्रतिशत र हेको छ । यसलाई हामी क्षयरोग न्यूनिकरणमा उपलब्धी नै मान्नु पर्दछ । हामी सबैको प्रयासमा यसरी क्षयरोग नियन्त्रणमा उपलब्धी हासिल गर्न सफल भएका छौं ।

६) कार्य संचालनमा महत्वपूर्ण पक्षः

संस्थाको कार्यशैलीमा निखारता आउनु, नयाँ योजनाका साथ अघि बढ्नु, सहकर्मी सहयात्रीहरुको निरन्तर साथ पाउनु र सरकारी एवं गैरसरकारी संस्थाहरुले क्षयरोग संस्थालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउनु, संस्थाप्रति सहयोगी भावना जागृत हुनुका साथै कार्यक्रम गर्न सहज वातावरण तयार हुनु नै कार्य संचालनमा महत्वपूर्ण पक्ष रहेको छ । खासगरी निम्न कुराहरु उल्लेख गर्न चाहन्छु -

क) **कार्यक्रमलाई छुट्टै किसिमबाट अगाडि लानु :**
संस्थाले विगतको तुलनामा यो कार्यकालमा फरक किसिमले कार्यक्रम गर्न सकेको छ । जस्तै भूकम्पबाट क्षति भएका विरामीहरुलाई राहत वितरण, थैली कार्यक्रम, मासिक मनोपरामर्श तथा निःशुल्क स्वास्थ्य परीक्षण आदि आदि ।

ख) **संघसंस्था, सहकारी संस्था स्थानीय निकायहरुमा सहकार्यता :**
यस संस्थाको मेरुदण्ड भनेको सहकार्यता हो । कुनै पनि कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न आर्थिक रुपमा सबल हुन जरुरी छ । त्यसकारण संस्थाको आर्थिक अभावका कारण कार्यक्रमलाई प्रभावित नहोस् भन्ने हेतुले सरकारी तथा गैर सरकारी संघसंस्था एवं सहकारी संस्थाहरुसँग सहकार्य गरी क्षयरोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरु गर्न सफल भएका छौं । राष्ट्रिय क्षयरोग कार्यक्रमलाई भव्य एवं प्रभावकारी रुपमा सफल बनाउन सहकार्य गरिरहनु भएका संस्थाहरुमा जिल्ला विकास समिति भक्तपुर, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर, घरेलु तथा साना उद्योग कार्यालय भक्तपुर, महिला तथा बालबालिका कार्यालय भक्तपुर, जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था(जन्त्र), स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्च (हर्ड), जिल्ला एड्स समन्वय समिति भक्तपुर, बसुदेव प्रसाद जोशी स्मृति प्रतिष्ठान भक्तपुर, नारी बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर, बाराही बचत तथा ऋण सहकारी संस्था लि., सूर्यविनायक भक्तपुर, शुभकामना बचत तथा ऋण सहकारी संस्था लि., नासमना भक्तपुर, कल्याण बचत तथा ऋण सहकारी संस्था लि. दत्तात्रय, भक्तपुर, भाषासेवी माष्टर जगतसुन्दर बचत तथा ऋण सहकारी संस्था लि. खौमा भक्तपुर, शंखधर बचत तथा ऋण सहकारी संस्था लि. शंखधर चोक मध्यपुर थिमि, छहारी बचत तथा ऋण सहकारी संस्था लि., गाम्चा दधिकोट, न्हूगु भ्मीगु बचत तथा ऋण

सहकारी संस्था, तचपाल भक्तपुर, समानताको लागि आवाज भक्तपुर, भक्तपुर नेत्रहीन संघ भक्तपुर, भक्तपुर बहिरा संघ, श्री पद्म उच्च मा.वि., बागेश्वरी उच्च माध्यमिक विद्यालय, कन्या सहशिक्षा मा.वि., विद्यार्थी निकेतन उच्च मा.वि., मनकामना इङ्गलिस सेकेण्डरी स्कुल भक्तपुर, साहित्यानुरागी समाज, काठमाडौं, जनस्वास्थ्य तथा वातावरण संस्था, मध्य यातायात व्यवसायी संघ तथा ब्रम्हायणी पार्क सुधार समिति भक्तपुर, आस्था नेपाल भक्तपुर र प्रगतिशील महिला समूह रहेका छन् ।

ग) प्रचार प्रसारमा व्यापकता :

यस संस्थाले समुदायमा जनचेतना फैलाउन, जनतालाई सूसुचित गर्न जनचेतनामूलक ऱ्याली वा प्रभातफेरी कार्यक्रमहरु गर्दै आइरहेको छ । समुदाय समुदायमा, विद्यार्थीवर्गमा, विभिन्न संघसंस्थाहरुमा क्षयरोग नियन्त्रण कार्यक्रम पुऱ्याउने उद्देश्यले जनसञ्चार एफएम १०७.९ मेघाहर्जबाट प्रत्येक आइतबार बिहान ८ बजेदेखि ८:३० बजेसम्म क्षयरोगको जानकारी प्रसारण गर्दै आइरहेको छ साथै भक्तपुर एफ.एम. १०४.५ मेगाहर्ज र नमस्ते च्यानलमा जिल्ला जनस्वास्थ्य कार्यालय, जन्त्रको सहकार्यमा क्षयरोग सम्बन्धी प्रचार प्रसार गर्दै आइरहको छ । संस्थाले ब्रोसर, बुलेटिन, स्मारिका, पर्चा, पम्पलेट, व्याच, क्यालेण्डर प्रकाशन र क्षयरोग सम्बन्धी जानकारीमूलक डायरी प्रकाशन गरी समूदायलाई सचेत गराउन कार्य गर्दै आइरहेको छ । त्यसकारण भक्तपुरमा क्षयरोग निवारण सम्बन्धी जानकारीको प्रचारप्रसार व्यापक रुपमा भएको थियो । भक्तपुरका सञ्चार क्षेत्रले पनि क्षयरोग नियन्त्रण अभियानहरुमा साथ दिइरहेका छ । सञ्चार माध्यमहरुले पनि आफ्नो छापा मार्फत क्षयरोग रोकथामका बारेमा प्रकाशन गरी जनताहरुलाई सचेत गराउदै आइरहेको छ । भक्तपुरबाट प्रकाशित हाम्रो समाज साप्ताहिक, बयान साप्ताहिक, समय समाज साप्ताहिक र थेम्मृङ मासिक पत्रिकाहरुले प्रत्येक अंकहरुमा क्षयरोगको जानकारीमूलक सन्देश प्रकाशन गर्दै आइरहेको छ ।

घ) अक्षयकोषमा बृद्धि :

संस्थालाई आर्थिक रुपमा सबल बनाउन शुरुदेखि नै प्रयासरत रहेको थियो । विगतमा रू. ६ लाख ७५ हजार अक्षयकोष रहेको र पुरस्कार कोष रू. १ लाख २ सय २२ गरी जम्मा ७ लाख ७५ हजार २ सय २२

सम्म पुऱ्याउन सफल भएको छ ।

ङ) पुरस्कारको स्थापना र पुरस्कार नियमावली :

संस्थाले भक्तपुर जिल्लामा क्षयरोग नियन्त्रण अभियानमा विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउने हेतुले "क्षयरोग नियन्त्रण अभियान पुरस्कार"को स्थापना गरिएको छ । मध्यपुर थिमि वडा नं. १२ निवासी श्री बाबुकाजी सा:छैँ श्रेष्ठ तथा श्रीमती प्रभाकेशरी श्रेष्ठ (न्हुछे)ले रू. ५० हजार १ सय ११ अक्षरेपीको धनराशीमा स्थापना गरिएको पुरस्कार कोषमा तात्कालीन उद्योग मन्त्री महेश बस्नेतले रू. ५० हजार १ सय ११ प्रदान गरी जम्मा रू. १ लाख २ सय २२ रुपैया पुऱ्याइएको थियो ।

च) क्षयरोग सम्बन्धी इन्टरनशीप विद्यार्थीहरुको शुरुवात :

संस्थाको गतिविधिलाई व्यापक र निरन्तरता दिइरहेको अवस्थामा विभिन्न कलेजहरुले भक्तपुरमा क्षयरोगको अवस्था र संस्थाको गतिविधि विषयक पहिलो पटक के. एण्ड के. कलेज काठमाडौंका विद्यार्थीहरुले इन्टर्नसीप गरेका थिए । विद्यार्थीहरुले भक्तपुरको क्षयरोगको अवस्था, समस्या, चुनौति र समाधानका विषयमा रुचिपूर्वक अध्ययन गरेका थिए साथै विद्यार्थीहरुले क्षयरोग नियन्त्रणमा भविष्यमा गर्नुपर्ने सुझावहरु समेत दिइएका थिए ।

छ) भवन मर्मत र सुधार :

बि.सं. २०७२ बैशाख १२, १३ र २९ गते गएको विनाशकारी भूकम्पले यस संस्थाको भवनको छानो भत्किएको थियो भने भित्ता चर्केको थियो । त्यसैले छानोलाई मर्मत गर्न झिंगटी टायल खोजी गर्दा कतै नपाएपछि कार्यसमितिकै सहयोगमा छानोलाई भत्काई कौसीसम्म ट्रस निर्माण गरी जस्ता हाल्ने काम सम्पन्न गरी भवन मर्मत र सुधार गर्ने कार्य भएको थियो ।

ज) पूर्व सभापति र पूर्व कार्यसमिति सदस्यहरुलाई सम्मानको शुरुवात :

संस्थाले विगतमा पूर्व सभापति एक जनालाई मात्र सम्मान गर्दै आएकोमा कार्यसमिति सदस्यहरुको छलफलबाट संस्थाले पूर्व सभापतिहरुको भूमिका एवं योगदानको कदर स्वरुप संस्थाका पूर्व सभापतिलगायत कार्यसमितिका पदाधिकारी र कार्यसमिति सदस्यहरुलाई पनि सम्मानको संस्कार शुरु गरेको थियो । कार्यसमितिको निर्णय बमोजिम संस्थाले संस्थापक सभापतिदेखि पूर्व सभापति बालमुकुन्द बासुकलासम्मका कार्यसमिति सदस्यहरुलाई सम्मान गरिएको थियो ।

झ) जिल्ला शाखा अवलोकन भ्रमणको शुरुवात :

संस्थाले एक जिल्ला शाखाबाट अर्को जिल्ला शाखाहरुको गतिविधिलाई एक आपसमा भाइचारा सम्बन्ध कायम राख्न, एक आपसमा गतिविधिहरु जानकारी लिन र नयाँ कुराहरु अध्ययन गर्न जिल्ला शाखा अवलोकन भ्रमण कार्यक्रमको पनि शुरुवात गरेको थियो । पहिलो पटक नुवाकोट जिल्ला शाखामा अवलोकन भ्रमण गरिएको थियो । त्यसपछि चितवन शाखा, दाङ शाखा, कैलाली शाखा र सिन्धुली शाखा अवलोकन भ्रमण गरेको थियो ।

ञ) स्वर्णिम जीवन त्रैमासिक स्वास्थ्य पत्रिका प्रकाशन शुरु :

संस्थाले क्षयरोगलगायत विभिन्न रोगहरुको जनचेतना फैलाउने र संस्थाको आर्थिक अवस्था सुदृढ गर्ने उद्देश्यले संस्थाका तात्कालीन सचिव राम सिख्व:को सम्पादकत्वमा “स्वर्णिम जीवन” स्वास्थ्य त्रैमासिक पत्रिका प्रकाशनको थालनी भयो । त्यस अघि पनि विभिन्न बुलेटिन, स्मारिका मार्फत क्षयरोग नियन्त्रण सम्बन्धी प्रचार प्रसार नभएको होइन । यद्यपी विधिवत् रुपमा पत्रिका दर्ता गरी भक्तपुर जिल्लामा स्वास्थ्य पत्रिकाको रुपमा विकास गर्ने उद्देश्यले सुरुवात गरिएको थियो ।

ट) बाहिरी जिल्लाहरुमा नि:शुल्क स्वास्थ्य शिविरमा सहभागिताको शुरुवात :

संस्थाले आफ्नो जिल्ला मात्र कार्यक्रम नगरी अन्य संस्थासँगको सहकार्यमा जिल्ला बाहिर पनि क्षयरोग नियन्त्रण कार्यक्रमलाई अगाडि बढाएको थियो । बासुदेव जोशी स्मृति प्रतिष्ठानको सहकार्यमा काभ्रेको दुर्गम स्थान मादन कुडारी गाविसमा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरेको थियो भने काठमाडौंमा पनि स्वास्थ्य शिविरहरुमा सक्रिय सहभागिता जनाएको थियो ।

ठ) संस्थामा आधारभूत सरसामानको विस्तार :

संस्थाले आवश्यकता अनुसार सरसामानको व्यवस्थापन गरेको गरेको थियो । स्वास्थ्य मन्त्रालयको सहयोगमा ल्यापटप कम्प्युटर, मल्टी मिडिया, क्यामरा, मुभी क्यामरा जस्ता सामानहरु खरिद गरी स्वास्थ्य सचेतना अभिबृद्धि कार्यमा सहयोग पुगेको छ ।

७) भक्तपुरमा क्षयरोगको समस्या र चुनौति :

भक्तपुरमा क्षयरोग न्यूनिकरणमा अझै पनि थुप्रै समस्या र चुनौतिहरु छन् । क्षयरोग न्यूनिकरणमा हरदम लाग्दा लाग्दैपनि क्षयरोगका विरामीहरु बढ्नु, कलेजका विद्यार्थीहरुमा बढी क्षयरोग देखा पर्नु र DR TB का विरामी बढ्दै जानु र MDR, XDR TB विरामी हुनु मुख्य समस्याको रुपमा रहेको छ । त्यसलाई निराकरण गरी स्वस्थ व्यक्ति एवं स्वस्थ समाज निर्माण गर्नु नै मुख्य चुनौतिको रुपमा रहेको छ । अर्को पाटो भनेको भक्तपुरमा विभिन्न कामको सिलसिलामा आएका र विभिन्न ईटा भट्टा, गलैचा कारखाना आदिमा कार्यरत मजदूरहरुमा पनि क्षयरोग संक्रमण बढी मात्रामा भएको हुँदा थप समस्याको रुपमा अगाडि आएको छ । जेष्ठ नागरिक र श्रमिक युवाहरुमा क्षयरोगको संक्रमण बढी मात्रामा पाइएकाले समस्या र चुनौति थपिदै गएको छ । यस बारेमा संस्था र जिल्ला जनस्वास्थ्य कार्यालयलगायत सम्बन्धित संघ संस्थाहरुले छलफल र अन्तरक्रिया गर्नुपर्ने जरुरी देखिन्छ । अरु थप समस्या र चुनौतिका बारे निम्नानुसार उल्लेख गर्दछौं ।

- सरुवा रोग सम्बन्धी स्वास्थ्य शिक्षाको कमी हुनु ।
- सामाजिक प्रतिष्ठाको कारणले क्षयरोगलाई अझै लुकाएर राख्नु ।
- युवाहरुमा मनोरञ्जन वा तनाव कम गर्ने बाहानामा मध्यपान र धुम्रपानको लतमा बृद्धि हुनु ।
- एचआईभी/एड्स र लागु पदार्थ दुर्व्यसनी नियन्त्रण हुन नसक्नु ।
- मधुमेह तथा अन्य संक्रमित रोगका विरामीहरु बृद्धि हुँदै जानु ।
- निजी तथा संस्थागत स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहित गर्न नसक्नु ।

८ आर्थिक समस्या :

संस्था संचालन गर्न आर्थिक रुपमा पनि समस्याहरु देखा परेका छन् । संस्थाको आर्थिक स्रोत भनेकै अक्षयकोष हो । अहिले वित्तीय संस्थाहरुमा संस्थाको नाउँमा खोलिएका खाताहरु सबै व्याज नआउने गरी चल्ती खातामा रुपान्तरण गरिएको छ । तर संस्था संचालन खर्च चाँहि वर्षेनी बढिरहेको देखिन्छ । त्यसकारणले पनि कार्यालय संचालन र कार्यक्रम गर्न समेत आर्थिक समस्या आएको देखिन्छ । अहिलेको परिस्थितिमा निरन्तर आउने आर्थिक स्रोतको खोजी नगरिकन कार्यक्रम गर्नमा समस्या आउँछ । संस्थाको निरन्तरतालाई समेत चुनौति सृजना हुन सक्छ । संस्थाले अक्षयकोषको बृद्धिमा जोड दिन जरुरी छ ।

राष्ट्रिय क्षयरोग केन्द्रसँगको संस्थागत सहकार्य

नेपाल सरकारले क्षयरोगको लागि राष्ट्रिय क्षयरोग केन्द्र तथा सार्क क्षयरोग केन्द्र स्थापना गरी क्षयरोग नियन्त्रणको राष्ट्रिय नीति अवलम्बन गरेको थियो । बि.सं. २०५३ नेपालमा DOTS (Directly Observed Treatment, Short-course) विधि पहिलो पटक चार जिल्लामा सुरु गरियो, जसमा भक्तपुर जिल्ला पनि समावेश थियो । तात्कालीन राष्ट्रिय क्षयरोग केन्द्र तथा सार्क क्षयरोग केन्द्रका निर्देशक डा. दीर्घ सिंह बमको पहलमा राष्ट्रिय अभियान नै शुरु भएको थियो ।

त्यस समयमा तुईलाल श्रेष्ठल नेपाल क्षयरोग निवारण संस्था, भक्तपुरको नेतृत्व गर्नु भएको थियो । संस्थाले DOTS विधि स्वीकार गरी भक्तपुरमा क्षयरोग नियन्त्रणका लागि पूर्ण सहयोग प्रदान गऱ्यो । यसबाट नेपाल क्षयरोग निवारण संस्था, भक्तपुर र र ाष्ट्रिय क्षयरोग केन्द्र बीच संस्थागत सहकार्यको आधार दृढ भयो । संस्थाको उद्देश्य र लक्ष्य एउटै भएकोले राष्ट्रिय क्षयरोग केन्द्र बीच संस्थागत रुपमै सहयोग र सहकार्य गर्दै भक्तपुर मा क्षयरोग नियन्त्रण अभियान अगाडि बढिरहेको थियो । त्यसवेला राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. दीर्घ सिंह बमले संस्थासँग सहकार्य र समन्वय गरी थुप्रै कार्यक्रमहरु संस्थामार्फत संचालन गरेको थियो । डा. दीर्घ सिंह बमले भक्तपुरमा आएर क्षयरोग सम्बन्धी धेरै प्रशिक्षण, प्रशिक्षक तालिम (TOT) दिनु भएको थियो । यसले गर्दा भक्तपुर मा डट्स क्लिनिक सञ्चालन शतप्रतिशत सफलता प्राप्त भयो । समयको साथै दुबै संस्थाको सम्बन्ध आत्मीय र विश्वसनीय बन्दै गयो ।

